# कपुरकोट गाउपालिकाको गाउँसभाको १९ औं अधिवेशनमा कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा वहादुर पुनले प्रस्तुत गर्नु भएको आ.व. २०८३/०८४ को

# वार्षिक नीति तथा कार्यक्रम

कपुरकोट गाउँपालिका

सल्यान जिल्ला

कर्णाली प्रदेश

२०८३/०१/३०

**सम्मानित उन्नाइसौं गाउँसभामा उपस्थित,**

गाउँसभाका सम्पूर्ण सदस्यहरु,

सभाका सचिव तथा सबै कर्मचारीहरु,

सामाजिक सञ्जालको प्रतक्ष्य प्रशारण तथा विभिन्न माध्यमवाट जोडिनु भएका विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, साँझेदा निकायका प्रमुख एवंम् प्रतिनिधिज्यूहरु,समाजसेवी तथा वुद्धिजीविहरु, पत्रकार, सुरक्षाकर्मी, सम्पूर्ण कर्मचारीहरु, स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण कपुरकोटवासि आमा बुवा, दाजु भाई तथा दिदि बहिनिहरु,

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम गाउँ कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८३/०८४ को जनहितकारी बार्षिक नीति तथा कार्यक्रम कपुरकोट गाउँपालिकाको यस सम्मानित १९ औं गाउँसभामा पेश गर्न पाउँदा आफुलाई गौरवान्वित ठानेको छु । यस स्वर्णिम अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण एवंम् शहिदहरु तथा बेपत्ता, घाइते र पीडित नागरिकहरुलाई हृदयको गहिराहीवाट उच्च सम्मानभाव व्यक्त गर्दै सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।साथै सुशासन र अग्रगमनका लागि पछिल्लो परिवर्तनकारी आन्दोलनमा नव-यूवाहरुले गरेको त्याग र समर्पको स्मरण गर्दै उक्त आन्दोलनमा ज्यान गुमाउने आन्दोलनकारी सहिद नवयुवाहरु र सुरक्षाकर्मी प्रति यस गाउँसभाको तर्फवाट विशेष सम्मान व्यक्त गर्दछ।जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्यवस्था सहितको अग्रगामी परिवर्तन ल्याउन भौतिक अभौतिक रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था र अन्तर्राष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै अन्तस्करणवाट नमनका साथै हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनर्संरचना पश्चात संविधानतः गठित स्थानीय सरकारको दोस्रो कार्यकालको अन्तिम आर्थिक वर्षमा हामि रहेका छौ।यस अवधिमा नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनूरूप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास

र समृद्धिको आकाँक्षालाई पूरा गर्न कपुरकोट गाउँपालिकाले आफ्नो राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेकै छ।

आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाई संवोधन गर्दै जनताको बृहत्तर हित र लोककल्याणकारी व्यवस्था मार्फत शासकीय सन्तुष्टि प्रदान गर्नु, जनताका साना देखी ठुला समस्याहरुको प्रतक्ष्य हल खोज्नु, स्थानीय नेत्रृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुर्याउनु, स्थानीय रुपमा उपलव्ध स्रोत साधनको अधिकाधिक परिचालन गर्दै रोजगारी सिर्जना गर्ने र आम नागरिकको जिविकोपार्जनमा अपेक्षित सुधार ल्याउने गरी स्थानीय सरकारले काम गर्नु पर्ने हाम्रो शासकीय जिम्मेवारी रहेको छ। उक्त शासकीय जिम्मेवारीलाई मिहिन ढङ्गले बुझेको निर्वाचित जनप्रतिनिधिको टीमले सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकार संगको समन्वय, सहयोग, साथै विकासका अन्य साँझेदारहरुसंगको साँझेदारी र सहकार्यमा उपलव्ध प्रशासनिक संयन्त्रको कुशलतम परिचालन गर्दै जनहितलाई केन्द्रविन्दुमा राखेर काम गरिरहेको र भइरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम कपुरकोट वासि नागरिक लाई अवगत गराउन चाहान्छु।यस बीचमा आर्थिक सामाजिक विकासको क्षेत्रमा जनताले महसुस गर्न सक्ने गरी विकासका प्रयासहरु नभएका होइनन्। स्थानीय सरकारले सांगठनिक सक्षमता हाँसिल गरि नसकेको, कानूनी तथा सस्थागत संयन्त्रको कमि, वित्तीय श्रोतको न्यून उपलव्धता, महत्वकांक्षी आकांक्षा लगायतका अवस्था र कारणले जनअपेक्षा अनुकूल कामहरु हुन नसकेको वास्तविकतालाई हामिले स्वीकार्नै पर्छ।सुशासनका खातिर शुन्य सहनशीलता अपनाई यस गाउँपालकालाई मितव्ययिता र सुशासनको दृष्टिले समेत अव्वला गाउँपालिकाको रुपमा परिचित गराउन सफल भएका छौं। वर्तमान सन्दर्भमा स्थानीय तहको संस्थागत सवलीकरण तथा सुदृढीकरणमा सकारात्मकता देखिएको, स्रोत परिचालनमा सक्षमता हाँसिल भएको, आवश्यक कानूनहरुको वन्दोवस्त हुँदै गएको, अनुभवी र व्यावसायिक कर्मचारी संयन्त्र, कुशल नेत्रृत्व र असल सोच सहितको प्रतिवद्ध र उर्जाशील जनप्रतिनिधिको समूह, जनचेतनामा आएको अभिवृद्धिका नागरिक जागरणमा आएको परिवर्तन साथै दुर्ततर सूचना प्रविधिको विकास र यसको प्रयोगले गर्दा अवका दिनहरुमा सिमित स्रोतको उच्चतम् परिचालन मार्फत जनताको ईच्छा, चाहना र आधारभूत आवश्यकताहरुलाई पूरा गर्न कपुरकोट गाउँपालिका सक्षम र प्रतिवद्ध रहेको व्यहोरा समेत यस सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु।

स्थानीय तहलाई संविधानतः राजनीतिक, आर्थिक र प्रशासनीक अधिकार निक्षेपण गरिएको अवस्थामा निर्वाचन पश्चात गठित राजनीतिक संरचनाले प्राप्त राजनीतिक अधिकारको निर्वाध प्रयोग र अभ्यास

गरिरहेको भएतापनि वित्तीय संघीयता र प्रशासनीक संघियताको पाटो भने पेचिलो वन्दै गएको छ र संघात्मक शासनको डेढ दसक अभ्यास पश्चात समेत उल्लेखित विषयहरु संक्रमणको घेरामै रहनु सुखद पक्ष पक्कै होइन। स्थानीय तहहरु आर्थिक रुपमा आत्म निर्भर नहुनु, राजस्वको अधिकार र खर्च जिम्मेवारीमा रहेको ठुलो अन्तर(Fiscal Gap) पूरा गर्न प्राप्त हुने अन्तरसरकारी वित्तीय सहायताको सुनिश्चतता नहुनु र प्रतिवद्धता अनुरुप प्राप्त नहुनु, कर्मचारी समायोजन भई स्थानीय सेवा सम्वन्धी ऐन निर्माण भएतापनि जनप्रशासनको मूल नीती र मार्गदर्शकको रुपमा रहेको संघीय निजामती सेवा ऐन हालसम्म जारी हुन नसक्दा वित्तीय संघीयता र प्रशासनिक संघीयताका कतिपय विषयहरु अझैपनी अनिश्चितताको गर्भमै रहेका छन्। जसले गर्दा सार्वजनिक खर्च व्यवस्थापनका साथै कर्मचारी व्यवस्थापन र वृत्ती विकासका विषयहरुमा स्पष्टता हुन सकेको देखिँदैन फलस्वरुप संगठनको अपेक्षित उत्पादकत्व हाँसिल हुन सकेको छैन।

**सभा सदस्यज्यूहरु,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न विषयगत ऐन नियमहरु, नेपालको पन्ध्रौ योजना, दिगो विकासको लक्ष्यहरु, कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय आवधिक योजना, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न समयमा जारी भएका नीति, मार्गदर्शन तथा सुझाव, स्थानीय तहको योजना तर्जुमा दीघदर्शन, २०७८, कपुरकोट गाउँपालिकाको पहिलो पञ्चवर्षिय आवधिक योजना, यस गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय, गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय, साँझेदार निकायसंगको छलफल र पूर्व वजेट छलफलका क्रममा प्राप्त सुझाव, आम नागरिक, बुद्धिजिवि र सरोकारवालाहरुबाट प्राप्त सुझाव, जनताका आवश्यकता, हाम्रो राजनीतिक प्रतिवद्धता समेतलाई ध्यानमा दिइ योजनावद्ध विकासको अवधारणा अनुसार आगामी आ.व. २०८३/०८४ का साथै दीर्घकालिन लक्ष्य सहितको कपुरकोट गाउँपालिकाको सोच तथा नीति पत्रको रुपमा यो नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।विगत वर्षको घोषित नीति तथा कार्यक्रमहरुलाई वार्षिक वजेट तथा कार्यक्रमले अधिकांश रुपमा संवोधन गरेको तलको समीक्षाले समेत प्रष्ट पार्ने नै छ।प्रस्तुत नीति तथा कार्यक्रमलाई आगामी आ.व. २०८३/०८४ को वजेटको आधारशीलाको रुपमा लिइएको छ। आगामी वजेट तथा कार्यक्रमले क्रमस पूर्ण रुपमा संवोधन गर्ने गरी सरोकारवाला सवै पक्षको सहभागिता र सूझाव साथै गाउँकार्यपालिकाको सोच अनुसार यो नीति तथा कार्यक्रम तयार गरिएको हो।

**सभा सदस्यज्यूहरु,**

**अव म हालसम्मका महत्वपूर्ण र उल्लेखनीय कार्यक्रमहरुको समीक्षा प्रस्तुत गर्ने अनुमती चाहान्छु।**

१. राज्यको अनिवार्य दायित्व र नागरिकको संवैधानिक अधिकारको रुपमा रहेको सामाजिक संरक्षण र सुरक्षाको कार्यक्रमलाई(social security and social protection program) प्रभावकारी वनाउदै मुद्राको सहि मूल्य(value for money) कायम हुने गरी संरक्षित वर्गले सामाजिक सुरक्षा वापतको रकम बुझ्न खर्चिनु पर्ने समय, रकम र वेहोर्नु पर्ने झण्झट निवारण गर्ने हाम्रो सुरु प्रतिवद्धता अनुरुप सेवा प्रदायक वैक संगको सहकार्यमा बस्ति स्तरवाटै सामाजिक सुरक्षा वापतको भत्ता वितरण गर्ने कार्यलाई दिगो एवमं सरल पद्धतिमा आधारित वनाइएको छ।

२. एकीकृत कृषि विकास कार्यक्रमलाई प्रणालीको रुपमा स्थापित गरिएको छ।वस्तिवस्तिमा कृषि टहरा, संकलन केन्द्र, कृषि एम्वुलेन्स, एकीकृत हाटवजार, माटो परीक्षणको सुविधा सहितको कृषि मिनिल्यावको स्थापना र चिस्यान केन्द्रको प्रवन्ध मार्फत कृषि क्षेत्रको एकीकृत विकासमा थोरै भएपनि टेवा पुगेको छ।

३. कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरण, उद्यमीकरण र औद्योगीकरण गर्ने सन्दर्भमा उत्साहजनक उपलव्धी हाँसिल भएका छन्।कृषि क्षेत्रवाट नागरिकहरुको आयस्तरमा वृद्धि भई निरीपेक्ष गरिवी(Absolute poverty) घटेको छ। नागरिकहरुको क्रयक्षमता(purchasing parity) मा समेत वृद्धि भएको छ।

४. पशु प्रजननको क्षेत्रमा कृत्रिम गर्भाधारण प्रविधिलाई निकै नै प्रभावकारी ढङ्गवाट कार्यान्वय गरिएको छ।यसवाट पशु चौपायाहरुको नश्ल सुधार भई पशुपालन व्यावसायको उत्पदान र उत्पादकत्वमा अभिवृद्धि भएको पाईन्छ।कृतिम गर्भाधारण प्रविधिको सफलताको दर (success rate )अन्य पालिका/जिल्लाको तुलनामा यस गाउँपालिकामा उच्च रहेको वेहोरा समेत सगौरव प्रस्तुत गर्न चाहान्छु।

५. उज्यालो कपुरकोट अभियानमा अन्तर्गत नेपाल विद्युत प्राधिकरण र कपुरकोट गाउँपालिका समेतको संयुक्त प्रयासवाट आगामी आ.व. को अन्तिम सम्ममा सामान्यतः सवै वस्तिमा विद्युतीकरण हुने निश्चित प्राय भएको छ।ठेक्का भई निर्माणाधीन अवस्थामा रहेको नेपाल विद्युत प्राधिकरण अन्तर्गतका विद्युतीकरणका कार्य समयमै सम्पन्न हुने गरी सरकारी स्तरमा विशेष पैरवी गरिएको छ।

६. खानेपानीको व्याप्त समस्याहरुको सुरुवाती समाधान भएको छ। दिगो विकासको लक्ष्य अनुरुप नै सबै घरपारिवालाई स्वच्छ खानेपानीको उपलव्धता गराउन "**एक घर एक धाराको**" कार्यक्रम लागु गरिएको छ।स साना मुहानहरुको संरक्षण गर्ने देखी लिएर वृहत लिफ्ट खानेपानी योजना सञ्चालनवाट आधारभूतरुपमा खानेपानीको सुविधा पुर्याइएको छ।खानेपानी समस्याको दिगो समाधानको लागि संघीय र प्रदेश सरकारसंगको साँझेदारीमा समपूरक योजना र विशेष योजनाहरु कार्यान्वयमा ल्याइएको छ। साथै खानेपानी सिचाई सरसफाई वातावरण संरक्षण लगायतका क्षेत्रमा काम गर्ने गरी जलवायु परिवर्तन स्थानीय अनुकूलन आयोजना(LACCP) गाउँपालिका संगको साँझेदारीमा चालु वर्ष देखी कार्यान्वयन भई रहेको छ।अवका ५ आर्थिक वर्षमा खानेपानी तथा सीचाईको क्षेत्रमा करोडौको राज्यको लगानी भई कपुरकोट गाउँपालिकामा रहेको खानेपानी समस्या दुर भएर जाने अपेक्षा रहेको छ।

७. सबै वस्तिहरुमा ग्रामिण कृषि सडकको निर्माण र विस्तार गरी प्राय सबै वस्तिहरुमा सडक पूर्वाधारको पहुँच विस्तार गरिएको छ।गाउँपालिका केन्द्र र वडाको प्रशासनिक केन्द्र जोड्ने सबै पहुँच मार्गलाई स्तरोन्ती गर्ने र नियमित मर्मतसंभार गर्ने कार्य सघनताका साथ गरिएको छ।

८. सामुदायिक विद्यालयमा रहेका कमजोर भौतिक पूर्वाधारहरु विस्थापित गरिएको छ।धेरै सामुदायिक विद्यालयहरुमा वलियो भवन संरचना निर्माण गर्ने, ICT Lab स्थापना गर्ने, लाइब्रेरी, इन्टरनेटको सुविधा विस्तार गर्ने कार्यहरु भएका छन्।सम्पूर्ण सामुदायिक विद्यालयमा आधारभूत सूचना प्रविधिको पूर्वाधार चालु वर्षमा पुर्याउने कार्य सम्पन्न हुनेछ।

९. शैक्षिक गुणस्तर अभिवृद्धि र विद्यार्थिकमा पठन संस्कृतिको विकासको super learning कक्षाहरु सञ्चालन गरिएको छ। साथै शैक्षिक जनशक्तिको क्षमता विकासको लागि सिकाइ आदानप्रदान कार्यक्रमहरु सञ्चालन गरिएका छन्।

१०. सबै नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवाको सुविधा पुर्याइएको छ। होम डेलिभरीलाई शुन्य गराई सत प्रतिशत संस्थागत प्रशुती सेवा उपलव्ध गराउन सफल भइएको छ।पूर्ण खोप सुनिश्चितता र सोको दिगोपना समेत कायम भएको छ।स्वास्थ्य क्षेत्रको सूचकहरुको मूल्यांकनका आधारमा कपुरकोट गाउँपालिका जिल्लामै प्रथम भएको वेहोरा समेत निवेदन गर्न चाहान्छु।

११. धनवाङ स्वास्थ्य चौकीलाई कपुरकोट आधारभूत अस्पतालको रुपमा विकास गरी मेडिकल अधिकृत सहितको स्वास्थ्य टिमवाट विरामीहरुको उपचार सुविधा प्रदान गरिएको छ। १५

सैयाको आधारभूत अस्पतालको भवन निर्माण सम्पन्न भई चालु वर्षमै उक्त अस्पतालवाट आधुनिक ल्याव र x-ray सहितको स्वास्थ्य सेवा प्रदान गर्न सफल भईनेछ।

१२. कपुरकोट श्रम जागरण अभियान सञ्चालन भएको छ। जसवाट न्यून लागतमा श्रममा आधारित योजनाहरु सम्पन्न भएका छन्।सम्वन्धित लाभग्राही र गाउँपालिकाको संयुक्त श्रम लगानीवाट न्यून लागतमा सवै वडामा एक/एक वटा ठुला योजनाहरु लोभलाग्दो रुपमा सम्पन्न भएका छन्।

१३. गाउँपालिका र मातहतका इकाइवाट प्रवाह हुने सार्वजनिक सेवालाई सरल, भरपर्दो, गुणस्तरीय र विश्वसनीय तुल्याइएको छ।सार्वजनिक खर्चको पारदर्शी, मितव्ययी, कुशल र दक्षतापूर्ण तवरले परिचालन गरी सुशासन र सदाचारीता कायम गर्न सफल भइएको छ।चालु वर्ष देखी लागु भएको स्थानीय तह कार्यसम्पादन मूल्यांकन प्रणाली(LGPAS)को मूल्यांकनमा ८३ अंक सहित सुरु प्रारम्भिक मुल्यांकन नतिजा प्राप्त भएको छ।

१४. हालसम्म गाउँपालिकावाट प्रवाहहुने सेवा सुविधालाई सरल, मितव्ययी र प्रभावकारी वनाउने, कर्मचारीहरुमा उत्प्रेरणा सहितको व्यावसायिकता हाँसिल गराउन कार्यविवरण सहितको कार्य सम्पादन करार गर्ने कार्य यस आ.व.मा व्यवस्थित र औचपारिक रुपमा सम्पन्न भएका छन। जस अन्तर्गत प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षसंग, विषयगत विभाग र शाखा प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृत संग र अन्य सहायक कर्मचारीहरुले शाखा प्रमुख हरुसंग कार्यसम्पादन करार संझौता गर्ने कार्य गरिएको छ। सवै कर्मचारीहरुले आफ्नो शाखावाट सम्पादन गर्नु पर्ने वार्षिक कार्यहरुको समयसीमा सहितको कार्ययोजना वनाइ काम गरेकोले धेरै योजना तथा कार्यक्रमहरु लक्षित लागत, समय, परिमाण र गुणस्तरमा सम्पन्न भएका छन्। यसवाट विकास प्रशासनमा नतिजामूलकता देखिएको छ।साथै गाउँपालिकावाट दैनिक रुपमा समय सीमा सहितको शाखागत जिम्मेवारी प्रदान गर्ने र उक्त कार्यसम्पादनका आधारमा कार्यसम्पादन मूल्यांकनको परिपाटी विकास गर्ने गरी alert system विकास गरिएकोछ। जसवाट तोकिएका कार्यहरु समयमै सम्पन्न भएको देखिएको छ।

१५. वि.सं. २०८३ फाल्गुन मसान्त भित्र कपुरकोट गाउँपालिकालाई बालमैत्री स्थानीय तह(CFLG) घोषणा गर्ने लक्ष्य अनुरुप कार्यशर्त अनुसार वालविवाह न्युनिकरण, बालश्रम निवारण, वालवालिका सम्वन्धी खण्डिकृत तथ्यांक संकलन गर्ने र वालवालिका प्रोफाइल निर्माण गर्ने कार्य यसै वर्ष सम्पन्न हुनेछन्।वालमैत्री स्थानीय सूचकहरुलाई स्थानीयकरण र सरलीकरण गर्ने कार्य समेत

सम्पन्न भई सवै वडा र गाउँपालिकामा सूचकअनुसारको कार्यहरु तिव्रताकासाथ सञ्चालन भएका छन्।

१६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको (GESI) क्षेत्रमा अधिक कार्यहरु भएका छन्। GEDSI audit (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण)र GRB परीक्षण(लैङ्गिक उत्तरदायी वजेट कोडिङ र परीक्षण) गर्ने कार्यहरु सम्पन्न भएका छन्।

१७. योजना अनुगमन तथा फरफारक गर्ने कार्यलाई औपचारिकतामा सिमित नगरी प्रभावकारी वनाइएको छ। योजनाहरुको कार्यान्वयको क्रममा ३ तहको अनुगमन र सुपरीवेक्षण गर्ने पद्धितको विकास गरिएको छ। निर्मित सार्वजनिक संरचनाहरुको गुणस्तरीयता र दिगोपनाको पक्षलाई जोड दिइएको छ।दश लाख भन्दा माथिका योजनाहरुमा अनिवार्य ल्याव परीक्षणको व्यवस्था गरिएको छ।सवै योजनाहरुमा सूचना पाटीको अनिवार्य व्यवस्था गरिएको छ।

१८. सवै वडाम पूर्ण खोप सुनिश्चितता र दिगोपना घोषणा गर्ने कार्य सम्पन्न भएका छन।

१९. जनताको सहजताको लागि विभिन्न ४ स्थानमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।जनस्वास्थ्य निग्रानी गर्न स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। सवै वडामा गर्भवति महिलाहरुको गर्भजाँच गर्न अल्ट्रासाउण्ड गर्ने कार्य समेत सम्पन्न भएको छ।

२०. एक घर एक करेसा वारीको नीति अनुसार सिजन अनुसारको तरकारीको विउ विजन वितरण गर्ने कार्य सम्पन्न भएको छ। कृषि उत्पादनमा उत्कृष्टता हाँसिल गर्ने कृषकहरुलाई पुरस्कित गर्ने कार्य यस वर्षमा समेत गरिनेछ।

२१. रोजगारीको क्षेत्रमा हर्ष वर्धक कदम हरु चालिएका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिनको न्युनतम रोजागारी प्रदान गर्ने कार्य सम्पन्न हुने चरणमा रहेका छन्।प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रममा गाउँपालिकाको लागत साँझेदारी गरी दिगो प्रभाव रहेको ठुला आयोजनाहरुको निर्माण गरिएको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम प्रदेशमै नमूना र अनुकरणीय कार्यक्रमको रुपमा स्थापित भएको छ।

२२. सहभागितामूलक विकास प्रणाली अनुरुप समुदायको विकासमा लाभग्राही वा उपभोक्ता समितिलाई परिचालन गर्ने दायरा बढाइएको छ। धेरै भन्दा धेरै योजनाहरु लाभग्राही समुदायवाट सम्पन्न भएका छन्।जसवाट मौसमी रोजगारीको सिर्जना भएको छ, पूँजिको स्थानीय स्तरमै परिचालन

हुँदा आम नागरिकको जिविकोपार्जनमा सुधार भएको साथै विकासको दिगोपना र नागरिकको अपनत्वमा समेत सकारात्मकता देखिएको छ।

२३. गाउँपालिकाको संस्थागत सुदृढीकरणको सवालमा समेत उल्लेखनीय कार्यहरु भएका छ। नियमित सार्वजनिक सुनुवाई गर्ने, स्वतः प्रकासनलाई नियमित गर्ने, सूचना अधिकारीवाट सूचना उपलव्ध गराउने जस्ता कार्य भएवाट पारदर्शी प्रणाली अवलम्वन गरिएको छ। योजना तथा लेखा प्रणाली व्यवस्थापनमा SuTRA, CGAS, जस्ता विद्युतीय प्रणालिको पूर्ण प्रयोग गरिएको छ। विद्यूतीय हाँजिरीको पूर्णरुपमा कार्यान्वयन गरिएको छ। सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली(PAMS v2) लाई पूर्ण रुपमा सवै संस्थामा लागु गरिएको छ।

**सभा सदस्यज्यूहरु,**

**अव म यस गरिमामय गाउँसभा समक्ष चालु वर्षको नीति तथा कार्यक्रमहरुको समीक्षा सम्वन्धी तुलनात्मक विवरण प्रस्तुत गर्न चाहान्छु।**

सभा सदस्यज्यूहरु यस खण्डमा चालु वर्ष २०८२/०८३ मा घोषणा गरिएका नीति तथा कार्यक्रमको कार्यान्वनय र प्रगतिको अवस्थालाई तुलनात्मकरुपमा प्रस्तुत गरिएको छ।

**क)कृषि क्षेत्र तर्फः**

- **विद्युतीय भौगर्विक नक्साकंनको**(integrated land profile) कार्य गर्ने भनिएकोमा विपद जोखिम नक्सांकनको कार्य अन्तर्गत वजेट विनियोजन भएको छ। चालु आवमै उक्त कार्य सम्पन्न हुनेछ।
- एक घर एक प्राङ्गारिक करेसावारिको कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सिचाइ सुविधाको प्रवन्ध सहित उन्नत र गुणस्तरीय तरकारीको **विउ वितरण गर्ने कार्य गर्ने कार्यक्रममा वजेट विनियोजन भई कार्यसम्पन्न समेत भई सकेको छ।**
- पूर्ण प्राङ्गारीक कृषि पद्धति अवलम्वन गर्न piloting को रुपमा कम्तिमा २ वटा नमूना कार्यक्रम सञ्चालन गर्ने भनिएकोमा वजेट विनियोजन भई कार्यान्वयनको संझौता समेत भई सकेको छ।
- किसानहरुमा कृषि सम्वन्धी प्राविधिक तथा व्यवहारिक सीपको विकास गर्दै **घरघरमा कृषि प्राविधिक उत्पादन** गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न प्रत्येक टोल विकासमा **कृषि ज्ञान सञ्चार कार्यक्रम** लागु गरिने नीति अनुरुप वजेट विनियोजन भई कार्यान्वनय भई रहेको छ।
- नमूना पकेट क्षेत्र विकास गर्ने गरी **सामूहिक करार कृषि पद्धिति** अवलम्वन गर्ने नीति अनुरुप वडा नं ४ मा सहकारी खेती पद्धतिमार्फत अदुवा पकेट विकास गरी कार्यान्वयन भई नै रहेको छ।

- **कृषि विमा कार्यक्रम, न्यूनतम् समर्थन मूल्य** प्रदान गर्ने कार्यक्रम लागु गरिने नीती रहेकोमा न्यूनतम समर्थन मूल्यकोषमा वजेट विनियोजन भएतापनि कार्यान्वयन हुन सकेको छैन भने कृषि विमा कार्यक्रममा वजेट विनियोजन हुन सकेको छैन।
- **कृषक कल्याण कोषको** व्यवस्था आगामी आ.व.वाटै सुरु गर्ने नीति रहेकोमा उक्त नीतिलाई औपचारिक कोष खडा गरी कार्यान्वयन हुन सकेको छैन तथापि कृषकको क्षतिको विवरण सकंलन भई निवेदन अनुसार नगद राहत उपलव्ध गराउने कार्य निरन्तर नै भई रहेको छ।
- उद्यमी **कृषकलाई सम्मानित** गर्ने कार्यक्रमलाई निरन्तरता दिईएको छ। चालु वर्षमा समेत यो कार्यक्रमलाई सञ्चालन गरिनेछ।
- **रैथाने प्रजाती र बालीको प्रबर्द्धन** कार्यक्रम संचालन गरिनेछ।सोका लागि त्यस्ता प्रजातीको विउको उत्पादन, संरक्षण र वजारीकरणमा विशेष जोड दिने र संभाव्यताको आधारमा गै.स.स. वा अन्य निकायसंगको सहकार्यमा **जडिवुटीको अभिलेखाङ्कन, भण्डारण र प्रमाणीकरणको** व्यवस्था गरिने नीति रहेकोमा चालु वर्षमा वजेट विनियोजन हुन नसकेकोमा चालु वर्षमा वनस्पती अनुसन्धान केन्द्र र अदुवावाली अनुसन्धान कार्यक्रम समेतको साँझेदारीमा उक्त कार्यक्रम सञ्चालन गर्ने गरी MOU भै सकेको हुनाले आगामी वर्षमा bio diversity profile निर्माण गरी एकीकृत रुपले उक्त नीतिको संवोधन हुनेनै छ।
- **स्थानीय स्तरमा कृषि पाठशाला** संयन्त्र विकास गरिने नीति अनुरुप निश्चित कार्य ढाँचा विकास गर्न सकिएको छैन। आगामि वर्षमा त्यस्तो संयन्त्र विकास गर्न प्रयास गरिनेछ।

## ख)पशु सेवा

- **कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार** गरी उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गरिने नीतिको प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको छ।
- पशुको स्वास्थ्य उपचारको लागि विभिन्न **खोप सेवालाई अभियानको** रुपमा सञ्चालन गर्ने नीति अनुरुपनै वजेट विनियोजन भई रेविज लगायतका खोप कार्यक्रमहरु सञ्चालन गरिएको छ।
- वाख्रा पालन व्यावसायी लक्षित **खोर सुधार कार्यक्रम** सञ्चालन गर्ने नीति अनुसार भकारो सुधार सहित वाख्राको खोर सुधार कार्यक्रममा वजेट विनियोजन भई कार्यान्वयन भई रहेको छ।
- पशु आहारा तथा स्वास्थ्य सुधारका लागी प्रोबायोटिक तथा घाँसको **विउ विरुवा वितरण कार्यक्रम** सञ्चालन गरिने नीति रहेको थियो। विभिन्न घाँसे विउहरु खरिद गरि वितरण गरिएको छ।
- **पशु विमा कार्यक्रमलाई** प्रभावकारी बनाइ जोखिम न्यूनीकरण गर्ने नीति रहेकोमा वजेट विनियोजन हुन नसकेको अवस्था रहेको छ।

- माछा पोखरी निर्माण, पोखरी सुधार तथा उत्पादन वृद्धिका लागि अनुदान कार्यक्रम सञ्चालन गर्ने नीतिको कार्यान्वयन हुन सकेको छैन।
- नियमित रुपमा पशुसिविर सञ्चालन गरी गाउँघरमा पशुमा देखिने रोग नियन्त्रण गर्ने नीति अनुरुपनै सबै वडा र गाउँवस्तिमा पशु सेवा उपचार सिविरहरु सञ्चालनमा रहेका छन्।

## ग) उद्योग, सहकारी र पर्यटन

- सहकारी क्षेत्रको सवलीकरण, सुदृढीकरण र नियमन गर्ने कार्यलाई प्रभावकारी वनाइने नीति रहेकोमा सहकारी संस्थाहरुको संगठित अनुगमन र नियमन हुन सकेको छैन।
- कम्तिमा ५ जनाभन्दा बढीलाई रोजगारी उपलव्ध गराउने गरी व्यवसाय सञ्चालन गर्ने फर्म वा सहकारी वा त्यसरी व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने सहकारी संस्था एवम् व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई विशेष सहुलियत उपलव्ध गराउने नीति रहेकोमा कार्यान्वयन हुन सकेको छैन।
- वित्तीय सामाजिक उत्तरदायित्व उत्कृष्टरुपमा निर्वाह गर्ने सहकारीलाई छनौट गरी **पुरस्कृत गरिने नीति रहेकोमा चालु वर्षमा उक्त नीतिको कार्यान्वयन हुने नै छ।**
- **सहकारीहरुको नियमनको** लागि छुट्टै शाखा र सम्पर्क व्यक्ति तोकी सहकारी नियमन कार्य आरम्भको सुरुवात गर्ने नीति अनुरुप कृषि शाखालाई सम्पर्क शाखा र कृषि विकास अधिकृतलाई सम्पर्क व्यक्ति तोकीएको छ।
- **स्टार्टअप उद्यमीको** लागि व्यावसाय दर्ता निःशुल्क र व्यावसायमा लाग्ने करमा छुट दिइने नीति कार्यान्वयनमै रहेको छ।
- सार्वजनिक निजी साँझेदारी मोडलमा **मिनरल वाटर उद्योग स्थापनाको** संभावना अध्ययन गरी उद्योग स्थापनाको पहल गर्ने नीति रहेकोमा छुट्टै वजेट विनियोजन नभएको तर संभावनाको अध्ययन गरी ठहरे वमोजिम गरिनेछ।
- सामुदायिक वन उपभोक्ता समूह संगको साँझेदारीमा सल्लो जातको वनपैदावार केन्द्रित **काष्ट उद्योग स्थापनाको** लागि पहल गर्ने नीति अनुरुप सामुदायिक वन उपभोक्ता समूहहरु संग त्यस्तो समझदारी भएको छ।
- संघ र प्रदेश सरकारसंगको साँझेदारीमा आवश्यक पर्यटन पूर्वाधारको निर्माणलाई दुर्तता प्रदान गर्ने नीति अनुसार प्रदेश सरकार संगको साँझेदारीमा सातामुल, घंघारीचौर, कालिका मन्दिर र रुम्टिलेखमा पर्यटन पूर्वाधारहरु निर्माण भई रहेको छन्।
- **होमस्टे सञ्चालनको** लागि आवश्यक पूर्वाधार निर्माणको लागि सार्वजनिक निजी साँझेदारी नीति अवलम्वन गरिने नीति रहेकोमा त्यस्तो कार्यक्रमको चालु वर्षमा संभाव्यता अध्ययन गरिने छ।

## घ) स्वास्थ्य सेवातर्फ

- मधुमेह, उच्च रक्तचाप लगायतका नसर्ने रोगहरुको स्वास्थ्य सिविर गरी स्क्रिनिङ गर्ने नीति अनुसार आवश्यक वजेट विनियोजन गरी सफल कार्यान्वयन भएको छ।
- सवै वर्थिङ सेन्टरहरुको **पूर्वाधार र गुणस्तरमा सुधार** ल्याइने छ। मुलरुपमा प्रसुती कक्षको **तापमान व्यवस्थापन गर्न आवश्यक उपकरणको जडान गरिने नीति अनुसार वजेट विनियोजन भई प्रणाली जडान गर्ने कार्य समेत सम्पन्न भएको छ।**
- सवै **सामुदायिक विद्यालयमा** मासिक रुपमा सवै वालवालिकाको स्वास्थ्य परीक्षण गरी **जनस्वास्थ्य निग्रानी(public health surveillance)** गर्ने नीति अनुरुप वजेट विनियोजन भई कार्यक्रम सञ्चालन भएको छ।
- नसर्ने रोगको **योग र ध्यानको माध्यमवाट प्रभावकारी रुपमा रोकथाम र न्यूनीकरण** गर्न योगलाई प्राथमिकता दिने नीति अनुसार योगाभ्यासहरु सञ्चालनमा आएको र योग हल निर्माण गर्ने कार्य भै रहेको छ।
- विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा बालबालिकाहरुलाई पोषणयुक्त खानाको पहुँच बढाइने नीति अनुसार वजेट विनियोजन भई आयमुलक कार्यमा समावेश गरिएको छ।
- कपुरकोट वजार र वडा नं. १-४ सम्मका नागरिकलाई केन्द्रित गरी कपुरकोट वजारमा आयुर्वेद औषधालय सम्वन्धी **क्लिनिक स्थापना** गर्ने सम्वन्धमा संगठन संरचनाको अध्ययन भै रहेको छ। आउदो वर्ष देखी कपुरकोटमा समेत आयुर्वेद क्लिनिक स्थापना गर्ने तयारी भई रहेको छ।
- स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तर र विस्तार गरिने नीति अनुसार विशेषज्ञ सहितको स्वास्थ्यकर्मीको टोलिवाट वृहत्तररुपमा स्वास्थ्य सिविरहरु सञ्चालनमा आएका छन्।
- संस्थागत सुत्केरी लाई प्रवर्द्धन गर्दै शुन्य होम डेलिभरी  कायम गर्न र सुत्केरीलाई सुत्केरी भएको **२४ घण्टासम्म स्वास्थ्य चौकिमै स्वास्थ्यकर्मीको सुपरीवेक्षणमा रहने व्यवस्थालाई अनिवार्य** गर्ने र सो वापत सुत्केरीलाई पोषिलो खाना र एक जना कुरुवाको लागि समेत खाजा खानाको वन्दोवस्त गर्ने नीति अनुसार वजेट विनियोजन गरी सुत्केरी महिला र कुरुवालाई खाना खाजाको व्यवस्था गरिएको छ।
- सामुदायिक **महिला स्वास्थ्य स्वयंसेविकालाई प्रात्साहन** गर्ने कार्यक्रम अन्तर्गत आवश्यक वित्तीय उत्प्रेरणका साथै अवलोकन भ्रमणको व्यवस्था गर्ने नीति अनुरुप वजेट व्यवस्था भई अवलोकन भ्रमणको कार्य समेत सम्पन्न भएको छ।

- नेपाल सरकारको नीति अनुरुप स्वास्थ्य संस्था मार्फत निःशुल्क प्राप्त हुने सवै प्रकारको औषधिको प्राप्तिको सुनिश्चतताको लागि प्रयाप्त वजेट विनियोजन गरी उपलव्ध गराइएको। नेपाल सरकारले निशुल्क उपलव्ध गराउने वाहेका का थप औषधिहरु समेत खरिद गरि निशुल्क वितरण गरिएको छ।
- एकीकृत स्वास्थ्य सेवा मापदण्ड निर्धारणका लागि आवश्यक पर्ने **एकीकृत स्वास्थ्य ढाँचा(health profile)** निर्माणार्थ आवश्यक वजेट विनियोजन गरी प्रोफाइल निर्माण गर्ने प्रक्रिया आरम्भ भएको छ।
- स्थानीय तह तथा वडामा **पोषण डेस्कको** स्थापना गर्ने नीति अनुसार सवै विद्यालय वडा र स्वास्थ्य संस्थामा पोषण डेस्कको स्थापना भएको छ।
- घरायसी स्तरमा सुरक्षित र स्वच्छ खानेपानी प्रवन्धको लागि **खानेपानी परीक्षणको कार्य थालिन** गर्ने नीति अनुसार खानेपानीको मुहानको परीक्षण गर्ने कार्य वडा नं.६ वाट थालनी भएको छ।

### ङ) शिक्षा

- गाउँपालिकामा  स्थापित वाल विकास केन्द्र मध्ये कुनै एक वालविकास केन्द्रको छनौट गरी **नमूना वालविकास केन्द्रको** रुपमा विकास गर्ने नीति अनुरुप आवश्यक वजेट विनियोजन गरी कार्यान्वयन गरिएको छ।
- शिक्षाको जोखिम न्यूनीकरण र शिक्षा सम्वन्धी विपद् व्यवस्थापन योजना बनाई लागु गरिने नीति रहेकोमा चालु वर्षमा वजेट चाँपले गर्दा  उक्त कार्य गर्न संभव भएको छैन।
- **स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यसामग्री तयार** गरी सवै विद्यालयमा वितरणको व्यवस्था गर्ने कार्यनीति अनुसार पाठ्यपुस्तक तयारीका लागि संझौता भई कार्य आरम्भ समेत भै सकेको छ।
- सामुदायिक विद्यालयका सवै **शौचालयलाई आधुनिक, अपाङ्ग तथा वालमैत्री वनाउने** अभियान सुरु गरिन नीति अनुरुपमा वहुपक्षीय अनुगमन टोलि गठन गरी वस्तुस्थिति विविरण संकलन गर्ने कार्य सम्पन्न भएको छ। आउदो वर्षदेखी वालमैत्री संरचना निर्माणको लागि वालमैत्री नीति अनिवार्य अवलम्वन गरिने छ।
- अनुगमनको प्रतिवेदनका आधारमा शिक्षकहरुलाई **पुरस्कार र दण्ड प्रणालिको** व्यवस्था गरिने नीति अनुसार कार्य सम्पादन करार संझौता गर्ने कार्य सम्पन्न भएको छ।
- सामुदायिक विद्यालयको शैक्षिक  स्तरमा अभिवृद्धि ल्याउन तथा शिक्षण सिकाइ क्रियाकलापमा सहजिकरण ल्याउन एक **विज्ञ समूह(expert wings)** गठन गर्ने नीति रहेकोमा हालसम्म प्रगति हाँसिल हुन सकेको छैन। चालु वर्षमै त्यस्तो विज्ञ समूह गठन गरिने छ।

- सामुदायिक विद्यालयका सवै प्र.अ.हरुको प्रशासनिक र व्यवस्थापकीय क्षमता अभिवृद्ध गर्न **विशेष तालिमका साथै अवलोकन भ्रमणको** व्यवस्था आगामी आर्थिक वर्षमा व्यवस्था गर्ने नीति रहेकोमा वित्तीय चाँपले गर्दा कार्यान्वयन गर्न सकिएको छैन।
- गणीत, विज्ञान र अङ्ग्रेजी विषयमा कुनै पाठ्य विषयवस्तु केन्द्रित रही **best teaching way and trick साँझा गर्ने गरी विषयगत शिक्षकहरु सम्मिलित knowledge sharing कक्षा सञ्चालन गर्ने नीति अनुसार वजेट विनियोजन भई कार्यक्रम सञ्चालन भई रहेको छ।**
- नतिजामा आधारित मूल्यांकन गरी दण्ड र पुरस्कारको व्यवस्था गर्न शिक्षा अधिकृत र प्र.अ.वीच **कार्यसम्पादन सम्झौता** गर्ने साथै प्र.अ. र विषयगत शिक्षकहरुवीच कार्यसम्पादन करार संझौता गर्ने व्यवस्था अनिवार्य गरिने नीति अनुसारको कार्य सम्पन्न भइ सकेको छ।
- विद्यालयका प्रधानाध्यापक, गाउँशिक्षा समिति तथा गाउँपालिका विचको समन्वयात्मक बैठक वसि शिक्षा सुधार तथा विकासका लागि कार्ययोजना तयार गरि लागु गरिने नीति रहेकोमा त्यस्तो वैठक चालु आवमै वसी विद्यालय सुधार योजनाको तर्जमा गरिनेछ।
- कपुरकोटमा **खुला व्यामशालाको निर्माण, कभडहल निर्माण आयोजनालाई** चालु वर्षमा टुङ्गाउने योजना अनुरुपनै निर्माण कार्य सम्पन्न भई सञ्चालनको तयारीमा रहेको छ।

## च) खानेपानी तथा सरसफाई

- एक घर एक धारो कार्यक्रमलाई निरन्तरता दिईने नीति अनुसार चालु वर्षमा समेत एक घर एक धारा निर्माणको लागि वजेट विनियोजन गरी कार्यान्वयन गरिएको छ।
- आधारभूत खानेपानीको उपलव्धता र लिफ्ट खानेपानीको मर्मत संभार तथा दिगोपनाको लागि **खानेपानी ऐन नियमावली निर्माण** गरी **खानेपानी संस्थान वा प्राधिकरणको** सोच अनुसार कार्य थालनी गरिने नीति रहेकोमा वजेट अभावको कारण कार्यान्वनय हुन सकेको छैन। आउदो वर्षमा सो सम्वन्धी आवश्यक व्यवस्था गर्न सकिने देखिन्छ।

## छ)सांस्कृतिक प्रवर्द्धन

- विभिन्न जातजातिको रिवाज अनुसारको परम्परागत भेषभुषा, कला, साहित्य, परम्परागत मेला, कुल पुजा लगायतका सांस्कृतिक अवयवहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ।संस्कृति विरोधी नव आधुनिकतावाद र कृत्रीमतालाई प्रस्रयहुने व्यवहारहरु निरुत्साहित र नियन्त्रण गरिने नीति अनुसार वजेट विनियोजन भई विभिन्न क्रियाकलापहरु सञ्चालन भएका छन्।
- पठन संस्कृतिको विकास गर्ने **खुला लाईव्रेरी** स्थापना गर्ने नीति अनुसार वजेट विनियोजन भएको छ। चालु वर्षमै कार्य सम्पन्न हुनेछ।

## ज) गरिबी निवारणः

- खर वा फुसको छानालाई जस्तापाताले प्रतिस्थापन गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा अभियानको रुपमा सञ्चालन गरि फुसको छानो मुक्त गाउँपालिका घोषणा कार्यक्रमलाई दुई आर्थिक वर्षमा सम्पन्न गर्ने गरी **गाउँपालिकाको आधाभूत न्यूनतम कार्यक्रम(Basic minimum program)** को रुपमा सञ्चालन गरिने नीति अनुरुपनै चालु वर्षमा समेत सय वढी घरधुरीहरु लाभ्वान्वित हुने गरी वजेट व्यवस्थापन भई कार्यान्वयन भएको छ भने आगामी वर्षमा समेत यस कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी खरको छानो मुक्त पालिका निर्माण गर्ने गरी आवश्यक वजेट विनियोजन गरिनेछ।
- दलित वर्गहरुको उत्थान र सशक्तिकरणका लागि परम्परामा आधारित आयमुलक गतिविधि सञ्चालन गर्न आवश्यक व्यवसायिक सीप विकास तालिम प्रदान गरिने नीति अनुसार वजेट विनियोजन भई मागमा आधारित कार्यक्रम कार्यान्वयन गरिनेछ।

## झ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा र सशक्तिकरण

- घरेलु हिंसा र लैङ्गिक हिंसाका पिडित महिला तथा वालवालिकाहरुलाई पुनर्स्थापना गर्न सुरक्षित र मर्यादित सुविधासम्पन्न आश्रय स्थल(अल्पकालीन आवास गृह) स्थापना गरी सञ्चालनमा ल्याउने नीति अनुसार वजेट विनियोजन भई कार्यान्वयन समेत भएको छ।
- लैङ्गिक हिंसा निवारण कोष निर्माण गरी वजेट विनियोजन गर्ने नीती अनुसार कार्य भएको छ।
- वाल संरक्षणकोष स्थापना गर्ने नीति अनुसार वजेट कोषको स्थापना गरी वजेट व्यवस्था गरिएको छ।
- लैससास परीक्षण र लैङ्गिक उत्तरदायित्व वजेट परीक्षण गर्ने नीति अनुसारको कार्य सम्पन्न भएको छ।
- वि सं २०८३ मा बालमैत्री गाउँपालिका घोषणा गर्न बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ सञ्चालन गरिने नीति अनुसार प्राथमिकताका साथ वजेट विनियोजन गरी सूचकअनुसारको कार्यहरु गरिएको छ।
- गाउँपालिकाको युवा सम्वन्धी ऐनको निर्माण गर्ने नीति अनुसार चालु आवमै त्यस्तो ऐन तर्जुमा गर्ने गरी दलित विकास समाज संग समझदारी भइ सकेको छ।

## ञ) रोजगारी

- प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनालाई दिगो र स्थायीत्व बनाउन **स्थानिय तहसँग लागत साझेदारीलाई** निरन्तरता दिइने नीति अनुसार साँझेदारी नीतिलाई सघनरुपमा अघी वढाइएको छ।

➢ सीप विकास तालिम लिएकाहरुलाई प्रविधि हस्तान्तरण गर्ने नीति अनुसार वजेट विनियोजन भई प्रविधिको हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको छ।

### ट) पूर्वाधार निर्माण

➢ सडक मापदण्ड सम्वन्धी **सडक गुरुयोजना तर्जुमा** गरी कार्यान्वनमा ल्याइने नीति अनुसारनै गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

➢ वडा नं. १ र ४ मा स्वास्थ्य भवन निर्माण र तला थपको लागि **बहुवर्षिय योजनाको स्वीकृत गरी** लागु गरिने नीति अनुरुप प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गतको कार्यक्रममा १ नं प्राथमिकतामा राखी पेश गरिएको छ।

➢ सडक पूर्वाधारको संरक्षणको लागि **ड्रेन निर्माण र Bio engineering को** कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने नीति अनुसार श्रम अभियान र ठेक्का वन्दोवस्तिमार्फत सञ्चालन भएका योजनाहरुमा नालि निर्माण र bio engineering को कार्य प्राथमिकताका साथ सञ्चालन भएका छन्।

### ठ) व्यवस्थित सहरीकरण

➢ बजार क्षेत्रमा सडक वत्ति, CCTV Camera जडानलाई विस्तार गरिने नीति अनुसार वजेट व्यवस्था भई कार्यान्वयन समेत भएको छ।

➢ कपुरकोट **वजारलाई हरित नगरको** रुपमा विकास गर्ने सडक छेउमा सजावट सम्वन्धी फुलहरुको वृक्षारोपण गर्ने कार्य आगामी आर्थिक वर्षमा नै गरिने प्रतिवद्धता अनुसार वजेट विनियोजन भई चालु वर्षमै कार्यान्वयन हुने सुनिश्चित भएको छ।

➢ कपुरकोट वजारमा सार्वजनिक सौचालय निर्माण गर्ने योजना अनुसार वजेट विनियोजन भई संझौता समेत भइ सकेको छ।

### ड) सञ्चार तथा सूचना प्रविधि

➢ गाउँपालिकाबाट हुने हरेक प्रकारका सूचनाहरुलाई वेवसाइट, सामाजिक सञ्जाल, पत्रपत्रिका र रेडियोहरुमा अपलोड, प्रकाशन र प्रशारणलाई निरन्तरता दिने नीति अनुसार नियमितरुपमा कार्य भै रहेको छ।

➢ सवै वडामा फाइवर इन्टरनेट पुर्याउन इन्टरनेट सेवा प्रदायक संगको साँझेदारीमा फाइवर नेट विस्तारको काम लाई निरन्तरता दिइएको छ।

➢ एकीकृत गुनासो सुनुवाई सम्वन्धी MIS प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइने नीति अनुसार वजेट व्यवस्थापन हुन नसकेकोले चालु वर्षमा कार्यान्वयन हुन सकेको छैन।

### ढ) सिचाई

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व संग प्रतक्ष्य सम्वन्ध रहेको सिचाइ प्रणालीलाई दिगो र भरपर्दो बनाइनेछ। मुहानको दिगोपनालाई ध्यानमा राखी कुलो सिचाइका साथै लिफ्ट सिचाइ योजना सञ्चालन गर्ने नीति अनुसार लक परियोजना मार्फत प्राथमिकताका साथ कार्यक्रम कार्यान्वयन गरिएको छ।

## ण) वन, वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धी क्षेत्र

- विपद् जोखिम सम्वन्धी **hazard assessment** गर्ने कार्यको थालनी गरिने नीति अनुसार आवश्यक वजेट विनियोजन गरी चालु आ.व.मै विपद् जोखिम नक्सांकनको कार्य सम्पन्न हुनेछ।
- विपद् पिडितहरुको राहत तथा उद्दारमा सहयोग पुर्याउन स्थापना गरीएको विपद् व्यवस्थापन कोष बृद्धि गरिने नीति अनुसारनै वजेट व्यवस्था गरी विपद् पिडितहरुलाई राहत रकम उपलव्ध गराइएको छ।
- विद्यमान **डम्पिङ साइडलाई** थप व्यवस्थित गरिने नीति अनुसार ठोसरुपमा प्रगति हासिल हुन सकेको छैन। आगामी आवमै वजेट विनियोजन गरी डम्पिङ साइडलाई थप व्यवस्थित गर्न पर्खाल निर्माण गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण गर्न **विपद् व्यवस्थापन रणनीती, विपद् प्रतिकार्य योजना र विपद् पुनर्लाभ यो**जना निर्माण गर्ने योजना रहेकोमा चालु आ.व.मै त्यस्तो योजना निर्माण गर्ने गरी वजेट व्यवस्था सहित कार्य भई रहेको छ।
- सवै **सामुदायिक वन उपभोक्ता समूहहरुलाई** गाउँपालिकामा **सूचीकृत गर्ने** व्यवस्था अनिवार्य गरिने साथै सामुदायिक वन उपभोक्ता समूहहरुको आम्दानीलाई करको दायरामा ल्याइने नीति अनुसार सामुदायिक वन व्यवस्थापन सम्वन्धी कार्यविधि पारित गरी वन समूहको सूचिकरण गर्ने कार्यको थालनी भै सकेको छ।
- जलाधार संरक्षणको कार्यलाई समुदाय स्तरवाटै व्यवस्थापन गर्न जल **उपभोक्ता समिति गठन र दर्ता गर्ने** कार्यलाई तिव्रता दिइने नीति अनुसार मूहान दर्ता र जल उपभोक्ता समिति गठन गरी योजना हस्तान्तरण गर्ने कार्य गरिएको छ।

## त) विविधः

- चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिने निति अनुसार नियमितरुपमा सार्वजनिक सुनुवाई गरिएको छ।

- । कार्यसम्पादन मूल्यांकनका आधारमा कर्मचारीलाई प्रोत्साहन दिइने नीति अनुसार कार्यसम्पादन मूल्यांकन पद्धति अवलमवन गरिएको छ।
- सार्बजनिक सेवामा सबै बर्गक्षेत्रको समानुपातिक समाबेशी सहभागिता प्रबर्द्धन गर्न लोक सेवा आयोग लगायतका तयारी कक्षा सञ्चालन गरिने नीति लिइएकोमा वजेट चाँपको कारण त्यस्तो कक्षा सञ्चालन गर्न सकिएको छैन।
- सार्वजनिक क्षेत्रमा जनप्रतिनिधि र कर्मचारीले पालना गर्नु पर्ने **आचारसंहिता तयार** गरी लागु गरिने निति अनुसार चालु आवमै त्यस्तो आचारसंहिता तयार गरी लागु गरिनेनै छ।
- लेखा सम्वन्धी श्रेस्ताहरुको **स्क्यान गरी विद्युतीय प्रतिलिपी** तयार गर्ने कार्यको सुरुवात गर्ने नीती अख्तियार गरिएकोमा वजेट र जनशक्तिको अभावको कारण कार्यान्वयन गर्न सकिएको छैन।
- **"म भ्रष्टाचार गर्दिन र हुन पनि दिन्न" भन्ने** प्रतिज्ञा सहितको सुशासन कार्य संस्कृतिको प्रवर्द्धन गरिने नीति अनुसार नीतिगत र व्यवहारिक रुपमा कार्यपद्धित अवलम्वन गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय संगको समन्वयमा सो सम्वन्धी जानकारीमूलक स्टिकरहरु कार्यकक्षमा टाँस गरिएको छ।
- नगरप्रहरीलाई सार्वजनिक निर्माण, वातावरण संरक्षणको क्षेत्रमा समेत परिचालन गरिने नीति अनुसारनै श्रम अभियानमार्फत त्यस्तो क्षेत्रमा परिचालन गरिएको छ।
- मासिक रुपमा प्रत्येक टोलमै पुगेर घुम्ती सेवा मार्फत **घटना दर्ता गर्ने, योजना संझौता गर्ने, सामाजिक सुरक्षाको वितरण गर्ने गरी वडा सेवा केन्द्रको स्था**पना गर्ने सोंच अनुरुपनै घुम्ती सेवा सम्वन्धी कार्यलाई सघन रुपमा अघी वढाइएको छ।
- कपुरकोट गाउँपालिकाको सवै गतिविधि र सूचनामा नागरिकको पहुँच कायम हुने गरी Mobile Application को Develop गरी सञ्चालनमा ल्याउने नीति रहेकोमा वजेट अभावको कारण कार्यान्वयन हुन नसकेको देखिन्छ।
- सेवाग्राही सन्तुष्टीको सर्वेक्षणका लागि **विद्युतीय सर्वेक्षण र सर्वेक्षण कार्डको** प्रयोग गर्ने सन्दर्भमा नियमित रुपमा सेवाग्राही सन्तुष्टी सर्वेक्षणको कार्य भै रहेको छ।
- सवै खाले सार्वजनिक खरिदमा मितव्ययिताको साथै निपूर्णता र पूर्णत प्रतिष्पर्धात्मकता विधि अपनाइने नीति अनुसार चालु वर्षमा सवै खरिदहरु खरिद योजना तर्जुमा गरी विद्युतीय खुला वोलपत्रको माध्यमवाट खरिद गरिएको छ।

- स्थानीय बस्तु तथा सेवाको व्यापारको मूल्य तथा गुणस्तरको नियमन र अनुगमन गर्ने नीति अनुसार करदाता शिक्षा र वजार अनुगमनलाई एकीकृत रुपमा सञ्चालन गरिएको छ।
- ख्याती प्राप्त गरेका व्यक्तिहरूको **think tank गठन** गरी गाउँपालिकाको नीती, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा वौद्धिक सहयोग(intellectual input) लिने रणनीति अख्तियार गरिने नीति रहेकोमा ठोसरुपमा कार्यप्रगती हाँसिल हुन सकेको छैन।
- वडास्तरीय श्रममा आधारित योजना टोल विकास संस्था मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइने नीति अनुसार टोल विकास संस्थाको अगुवाईमै श्रम अभियान सञ्चालन भएको छ।
- योजना बैंकको अवधारणा अनुरुप वस्ति स्तरबाट संकलित योजनाहरुलाई **योजना बैंकमा समावेश** गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिने नीति रहेकोमा नीतिगत प्रतिवद्धताको अभावमा कार्यान्वयन हुन सकेको छैन।
- नागरिकको गुनासो समयमै सम्वोधन गर्न र गाउँपालिकामा सहज पहुँच कायम गरी **हटलाईन सेवा** सञ्चालन गरिने नीति रहेकोमा ठोस प्रगति हाँसिल भएको छैन।
- **वार्षिक खरिद योजना** तयार गरी एकद्वार प्रणालीबाट खरिद गर्ने व्यवस्था अनुसारनै खरिद कारवाही अघी वढाइएको ।
- लेखापरीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धी कार्यलाइ विशेष प्राथमिकता दिइ वेरुजुलाई शुन्यमा झार्ने नीति अनुसारनै कार्य प्रक्रिया अघी वढेको छ।साथै अघील्लो आ.व.को वेरुजु विगतका वर्षभन्दा ५० प्रतिशतले कम भएको र असुलउपर गर्नु पर्ने वेरुजु शुन्य रहेकोछ। समपरीक्षण गर्नु पर्ने वेरुजुको समपरीक्षणको लागि तिव्रताका साथ काम भई रहेको छ।
- श्रमदान गर्ने **श्रम संस्कृतिको विकास गर्न** जनप्रतिनिधि र कर्मचारीहरुले श्रमदान गरी निर्माण सम्पन्न गर्ने गरी **गाउँपालिका स्तरमा कम्तिमा १ र वडा स्तरमा १/१ वटा सार्वजनिक नि**र्माण योजना सम्वन्धी निर्माण कार्य गरिने नीति अनुसार वजेट विनियोजन भई सवै वडामा निर्माण कार्य सम्पन्न भएको र श्रम अभियान निरन्तररुपमा कार्यान्वयन भई रहेको नै छ।
- परम्परागत **सीपको परीक्षण र प्रमाणीकरण गर्ने** कार्यलाई निरन्तरता दिने नीति अनुसार चालु वर्षमा ५० जनाको सीप परीक्षण र प्रमाणीकरणको व्यवस्था मिलाईएको छ।
- उत्कृष्ठ कार्यगर्ने उपभोक्ता समितिहरु मध्येवाट सर्वोत्कृष्ठ **उपभोक्ता छनौट गरी पुरस्कृत गरिने** व्यवस्था अनुसार वजेट व्यवस्था गरी चालु वर्ष देखीनै उपभोक्ता समितिको कार्यको मूल्यांकन गरी अनुगमन समितिको सिफारिसमा उत्कृष्टलाई पुरस्कृत गरिनेछ।

➢ कपुरकोट गाउँपालिकाको स्थापना भएको दिनलाई **स्थानीय सेवा दिवसको** रुपमा मनाउने र सोहि दिन **स्थानीय सेवा पुरस्कार वितरण** गर्ने नीति रहेकोमा हालसम्म ठोसरुपमा कार्य हुन सकेको छैन।

## अब म यस गरिमामय गाउँ सभा समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

• नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समाबेशी प्रतिनिधित्व, समतामूलक समाज, तीन खम्बे आर्थिक नीति, समाजवाद उन्मुख अर्थतन्त्र, सबै प्रकारका भेदभाव उन्मुलन, नागरिक स्वतन्त्रता लगायतका मौलिक हकहरुको कार्यान्वयन एवम् कानूनी राज्यको मूल्य र मान्यतालाई स्थापित गर्ने नीति अख्तियार गरिने छ ।

✓ नीति र योजनामा आधारित वजेट प्रणालीको विकास गर्न आवधिक योजनाले परिलक्षित गरे अनुरुप प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम छनौट गरी बजेट विनियोजन गरिने छ। बजेट तर्जुमालाई मध्यकालीन खर्च संरचना(MTEF) संग आवद्ध गर्दै लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई मुख्य शर्तको रुपमा अनुशरण गरिनेछ। आयोजना बैंक बनाइ कार्यान्वयनमा ल्याइ घोषित नीति तथा कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। गाँउपालिकाको विकास र समृद्धिका लागि अल्पकालिन, मध्यकालीन र दीर्घकालिन नीतिको रुपमा देहायका क्षेत्रगत नीतिहरुको अख्तियारी गरिनेछ।

### आर्थिक विकासतर्फः

### १. कृषि सेवा

दिगो आर्थिक विकासको मुख्य संवाहकको रुपमा रहेको कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरण, उद्यमिकरण र यान्त्रीकरण गर्दै स्थानीय अर्थतन्त्रलाई मजवुत र आत्मनिर्भर बनाउने तथा गाउँपालिकाका नागरिकको जिवनस्तरमा वाञ्छित परिवर्तन ल्याउने दिर्घकालीन लक्ष्य सहित कृषि क्षेत्रको रुपान्तरणको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन्। जस अन्तर्गत

✓ किसानहरुमा कृषि सम्वन्धी प्राविधिक तथा व्यवहारिक सीपको विकास गर्दै **घरघरमा कृषि प्राविधिक उत्पादन** गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न प्रत्येक टोल विकासमा **कृषि ज्ञान सञ्चार कार्यक्रम** लाई निरन्तरता दिइनेछ।

- ✓प्रत्येक वडामा विशिष्ठिकृत नमूना पकेट क्षेत्र विकास गर्ने गरी **सामूहिक करार कृषि पद्धिति** एक वडा एक उत्पादन पकेट कार्यक्रम अघी वढाइनेछ।
- ✓कृषिमा जोखिम न्यूनीकरणका लागि निश्चित पूँजी सम्मको व्यावसायिक कृषि गर्नेको हकमा **कृषि विमा कार्यक्रम**, न्यूनतम् समर्थन मूल्य प्रदान गर्ने कार्यक्रम लागु गरिनेछ।
- ✓प्राकृतिक विपद् र रोग किराको महामारीवाट भएको क्षेतिको हकमा **विउविजन र मलखादमा प्रयोग भएको प्रतक्ष्य लागत**(Direct cost) सम्मको क्षेतिपूर्ती गाँउपालिकाले वेहोर्ने गरी कृषक कल्याण कोषको व्यवस्थालाई मूर्तता दिइनेछ।
- ✓कृषिमा प्रदान गरिने अनुदान कार्यलाई परिणाम र प्रभावको आधारमा मूल्यांकन गरी वास्तविक लक्षित वर्गमैत्री वनाउदै लगिनेछ। अनुदानको सहि सदुपयोगको सुनिश्चितता हुने क्षेत्रमा अनुदान प्रदान गरिनेछ। सहकारी र सामूहिक कृषि पद्धतिलाई प्रवर्धन गर्न सहकारी र समूह लक्षित वित्तीय उत्प्रेरणा प्रदान गर्ने कार्यक्रम लागु गरिनेछ।
- ✓उत्कृष्ट उद्यमी कृषकलाई सम्मानित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ✓निश्चित तोकिएको क्षेत्रफल सम्म व्यावसायिक कृषि खेती गर्ने कृषक लक्षित मल्चिङ तथा टनेल प्रविधि प्रवर्द्धन गर्न प्लाष्टिक टनेल र क्यारेट उपलव्ध गराउने कार्यक्रम ल्याइनेछ।
- ✓कपुरकोट गाउँपालिका भित्रका रैथानै खाद्यान्न वालि, रैथाने जातका फलफुल,जडिवुटी, फलफुल र अन्य वनस्पतीको विवरण खुल्ने गरी अन्य निकायसंगको साँझेदारीमा **bio diversity profile** निर्माण गरिनेछ।
- ✓यस गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेको मिनि ल्याबलाई स्तरोन्नति गर्दै हाल किट बक्सबाट मात्र गरिँदै आएको माटो परीक्षणको सट्टा नाइट्रोजन (N), फस्फोरस (P) र पोटासियम (K) लगायतका पोषक तत्वहरूको वैज्ञानिक तथा स्तरिय परीक्षण गर्न सकिने आधुनिक उपकरणसहितको **पूर्ण ल्याब** सञ्चालन गरिनेछ । साथै कर्णाली प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा विषादी परीक्षण ल्यावलाई कपुरकोट गाउँपालिकामा सञ्चालनमा ल्याइनेछ।
- ✓माटो परीक्षण, रोग–किरा पहिचान तथा कृषि परामर्श सेवासहितको **एकीकृत स्थलगत कृषि शिविर** सञ्चालन गरिनेछ ।
- ✓कृषि विकास शाखाबाट नियमित रुपमा हुदै आएको प्राविधिक सेवा अझै चुस्त तथा प्रभावकारी बनाईनेछ ।

✓ यस गाउँपालिकामा सञ्चालनमा रहेको माध्यामिक विद्यालयमा अध्ययनसँगै सीप विकास र आत्मनिर्भरता अभिवृद्धिका लागि **"पढ्दै–कमाउँदै"** कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

✓ कृषकहरूको सीप तथा ज्ञान अभिवृद्धिका लागि टोल स्तरमा आधारित **तालिम** तथा नयाँ नयाँ प्रविधिहरुको कृषकहरुको बारीमा **डेमो (प्रदर्शन)** कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

✓ बढ्दो रासायनिक विषादीको प्रयोगलाई न्युनिकरण गर्नको लागि रासायनिक विषादीका बैकल्पिक विधि(ट्रायप, जैविक विषादी) हरुलाई प्रोत्शाहन गर्ने गरी कार्यक्रम तयार गरिनेछ ।

✓ कपुरकोट गाउँपालिका, वनस्पती अनुसन्धान केन्द्र, राष्ट्रिय अदुवावाली अनुसन्धान कार्यक्रमको आर्थिक तथा प्राविधिक साँझेदारीमा हरेक वर्ष जेठ महिनामा रासायनिक विषादी न्यूनीकरण सप्ताह कार्यक्रम चालु वर्षको जेठ महिना देखीनै सञ्चालन गरिनेछ।

✓ कृषि क्षेत्रको यान्त्रिकरणको लागि ५० प्रतिशत अनुदानमा **आधुनिक कृषि उपकरणहरु व्यावसायिक कृषक समूहहरुलाई उपलव्ध** गराइनेछ।

✓ राष्ट्रिय अदुवावाली अनुसन्धान कार्यक्रम र कपुरकोट गाउँपालिकाको सहकार्यमा ट्राइकोडर्मा( जैविक ढुँसी) उत्पादन विकास र विस्तार गर्ने गरी कार्यक्रम ल्याइनेछ।

✓ वन्य जन्तु र प्राकृतिक विपदवाट हुने फसलको क्षतीको क्षतिपूर्ति गर्न कार्यविधि निर्माण गरी कृषक राहतकोष स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

✓ वडा कृषि प्राविधिकहरुलाई कृषकको घर आगनमा परिचालन गरी स्थलगत अनुशिक्षण(Onsight coaching) गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

✓ गाउँपालिकाले खरिद गरी कृषि उपज वजार कपुरकोटलाई उपलव्ध गराएको कृषि एम्वुलेन्सलाई पूर्ण प्रयोगमा ल्याउने गरी गाउँपालिकाले वाञ्छित हस्तक्षेप गर्ने र कृषि उपज संकलन केन्द्रलाइ थप सुव्यवस्थित गर्ने छ।

## २. पशु सेवा

व्यावसायिक पशुपालन मार्फत किसानको आयस्तरमा वृद्धि ल्याउनुका साथै पोषणस्तरमा सुधार ल्याउन पशु पालन व्यावसायलाई प्राथमिकता दिइनेछ। सोका लागि

✓ कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गर्ने गरी AI प्रविधिलाई थप विस्तार र प्रभावकारी गराइनेछ।

✓ पशुको स्वास्थ्य उपचारको लागि विभिन्न खोप सेवालाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

✓ समुदायमा रहेका छाडा कुकुरहरुको संख्या नियन्त्रण र रेबिज रोगको जोखिम घटाउन सामुदायक कुकुर बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ।

✓ पशु आहारा तथा स्वास्थ्य सुधारका लागी प्रोबायोटिक तथा घाँसको विउ विरुवा वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

✓ पशुपंक्षी विकास शाखाबाट रोग पहिचान र उपचारलाई प्रभावकारी बनाउन विभिन्न किसिमका प्रयोगशाला सेवा प्रदान गरिनेछ।

✓ पशु चौपायमा देखिने महामारीजन्य रोग नियन्त्रणका लागि आवश्यक सतर्कता सहित पूर्वतायरी गरिनेछ। नियमित रुपमा पशुसिविर सञ्चालन गरी गाउँघरमा पशुमा देखिने रोग नियन्त्रण गरिनेछ।

✓ सामुदायिक वन र कपुरकोट गाउँपालिकाको साँझेदारीमा पशुपालन व्यवसाय प्रवर्द्धन गर्न अमरिसो खेती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

✓ गाउँपालिकामा पशुपछींपालन सम्वन्धी वस्तुनिष्ठ तथ्यांक सहितको पशुपंछी सम्वन्धी प्रोफाइल तयार गर्न गाउँपालिकामा उपलव्ध प्राविधिक कर्मचारीहरुलाई परिचालन गरिने छ।

✓ व्यावसायिक रुपमा ५० भन्दा वढी वाख्रा र १० वटा भन्दा वढी गाई भैंसी पालन गर्ने कृषकहरुलाई ५० प्रतिशत साँझेदारीमा उत्पादनमा आधारित अनुदान उपलव्ध गराइनेछ।

✓ निश्चित पूँजीसम्मको व्यावसायिक पशुपालन गरेका किसान लक्षित पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाई जोखिम न्यूनीकरण गरिनेछ।

✓ पशुपंक्षीहरुको स्वास्थ्य सुधारका साथै उपचारका लागि विभिन्न खोप सेवालाई अभियानको रूपमा सञ्चालन गरिनेछ।

## ३. उद्योग, सहकारी र पर्यटन।

छरिएर रहेको सुक्ष्म पूजीलाई एकीकृत गरी उद्यमशीलता, स्वोरोजगार र सामाजिक परिचालन गर्ने विषयमा सहकारी क्षेत्रको उल्लेखनीय योगदान रहेकोले सहकारी क्षेत्रको सवलीकरण, सुदृढीकरण र नियमन गर्ने कार्यलाई प्रभावकारी वनाइने छ।

✓ कम्तिमा ५ जनाभन्दा बढीलाई रोजगारी उपलव्ध गराउने गरी व्यवसाय सञ्चालन गर्ने फर्म वा सहकारी वा त्यसरी व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने सहकारी संस्था एवम् व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई विशेष सहुलियत उपलव्ध गराईनेछ।

✓ वित्तीय साक्षरता र ज्ञान वृद्धिका लागि वित्तीय संस्था तथा सहकारीहरुलाई आधारभूत तथा विशेष तालिम कार्यक्रम प्रत्येक वर्ष प्रदान गरिनेछ।

✓ वित्तीय सामाजिक उत्तरदायित्व उत्कृष्टरुपमा निर्वाह गर्ने सहकारीलाई छनौट गरी पुरस्कृत गरिनेछ।

✓ सहकारीलाई नियमन गरी सहकारीहरुको प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

- ✓स्टार्टअप उद्यमीको लागि व्यावसाय दर्ता निशुल्क र करमा छुट दिइने नीतिलाई निरन्तरता दिइनेछ।
- ✓सामुदायिक वन उपभोक्ता समूह र कपुरकोट गाउँपालिकाको वित्तीय साँझेदारीमा वनमारावाट जैविक मल उत्पादन गर्ने कार्यक्रमको piloting project को रुपमा अघी वढाइनेछ।
- ✓पर्यटन प्रवर्द्धनको लागि सवै वडाको प्रमुख आकर्षक गन्तव्यहरुको पहिचान गरी सवै स्थानलाई सडक सञ्जालवाट जोड्ने गरी कपुरकोट रमणीय करिडोरको निर्माण गरिनेछ।
- ✓सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासंघ, सव डिभिजन वन कार्यालय र अन्य साँझेदार निकायसंगको सहकार्यमा वन पैदावार र कृषि उद्योगमा आधारित सार्वजनिक नीजी साँझेदारीमा कपुरकोट वजारमा कोशेली घरको स्थापना गरिनेछ।सोको लागि कानून निर्माण गरी विउ पुँजी समेत उपलव्ध गराउने गरी वार्षिक कार्यक्रम तयार गरिनेछ।
- ✓सामुदायिक वन उपभोक्ता समूहको मागमा आधारित वन पैदावारमा लक्षित आयमूलक कार्यक्रम सञ्चालनका लागि सव डिभिजन वन कार्यालय कपुरकोट संग सहकार्य गरिनेछ।
- ✓घरेलु तथा साना उद्योग दर्ता र नविकरणलाई सरल र सहजीकरण गराई करदातामैत्री वनाइनेछ।

## सामाजिक विकासको क्षेत्रतर्फ

### १. स्वास्थ्य

जनताको आधारभूत स्वास्थ्य सेवाको अधिकार र सो सम्वन्धी सुविधामा पहूच पुर्याउन देहायको नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ।

- ✓कपुरकोट आधारभुत अस्पताललाई पालिकाको नमुना र विशेषज्ञ सहितको अस्पतालको रुपमा आगाडी बढाइ गाउँपालिकाकै गौरबको योजनाको रुपमा संचालन गरिनेछ ।साथै उक्त अस्पतालवाट साप्ताहिक रुपमा विशेषज्ञ आखा उपचारको opd clinic समेत सञ्चालन गर्ने गरी राप्ति आँखा अस्पताल संग समन्वय गरिनेछ।
- ✓सबै स्वास्थ्य संस्थाहरुलाई ३६५ दिनै खुल्ला राखी निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने कार्यको सुनिश्चितता गरिनेछ ।
- ✓सबै स्वास्थ्य संस्था/बर्थिङ सेन्टरका भवनहरु मापदण्ड अनुसारका बनाई धेराबार /फुलबारी/ करेसाबारीको व्यवस्था गरिनेछ ।
- ✓स्वास्थ्य संस्थाहरुको Recording/Reporting System लाई पेपर लेस बनाइने छ ।
- ✓सबै विद्यालयहरुमा बालबालिकाको मासिक रुपमा स्वास्थ्य परिक्षण तथा परामर्श सेवाको विस्तार गरिनेछ ।

- ✓ प्रत्यक स्वास्थ्य संस्थाहरुबाट सर्ने/नसर्ने रोघहरुको स्क्रिनिङ सेवा संचालन गरि मनोसामाजिक समस्या लगायत नसर्ने रोगको रोकथामको लागि सबै वडाहरुमा क्रमश योग तथा ध्यान आयाम सम्बन्धि शिबिर संचालन गरिनेछ ।
- ✓ सुनौलो १००० दिनका आमाको लागि पोषण प्याकेजको व्यवस्थ गरिनेछ ।
- ✓ कपुरकोट आधारभुत अस्पतालमा आयुर्वेद सेवालाई संचालनमा ल्याईने छ ।
- ✓ त्रैमासिक रुपमा विशेषज्ञ सहितको स्वास्थ्य शिबिर संचालन गरिनेछ ।
- ✓ स्वास्थ्य तथा शिक्षा शाखाको समन्वयमा विद्यालय केन्द्रित स्वास्थ्य सेवा संचालन गरिनेछ ।
- ✓ प्रत्यक आर्थिक वर्षमा Health Profile Update कार्यको निरन्तरता दिईने छ ।
- ✓ महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईने छ ।
- ✓ सवै सामुदायिक विद्यालयमा मासिक रुपमा सवै वालवालिकाको स्वास्थ्य परीक्षण गरी जनस्वास्थ्य निग्रानी(public health surveillance) गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ✓ आधुनिक जिवन शैली संगै मानिसमा देखा पर्ने मोटोपना, मनोसामाजिक समस्या लगायतका नसर्ने रोगको योग र ध्यानको माध्यमवाट प्रभावकारी रुपमा रोकथाम र न्यूनीकरण गर्न संभव भएकोले आउदो वर्ष देखिनै प्रत्येक वर्ष सवै वडामा योग तथा ध्यान अभ्यास सम्वन्धी शिविर सञ्चालन गरिनेछ।
- ✓ संस्थागत सुत्केरी लाई प्रवर्द्धन गर्दै शुन्य होम डेलिभरी कायम गर्न र सुत्केरीलाई सुत्केरी भएको २४ घण्टासम्म स्वास्थ्य चौकिमै स्वास्थ्यकर्मीको सुपरीवेक्षणमा रहने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- ✓ पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि निरन्तर प्रयास गरिनेछ।
- ✓ नेपाल सरकारको नीति अनुरुप स्वास्थ्य संस्था मार्फत निःशुल्क प्राप्त हुने सवै प्रकारको औषधिको प्राप्तिको सुनिश्चतताको लागि आवश्यक वजेट विनियोजन गरिनेछ।
- ✓ गाउँघर क्लिनिक तथा बाह्य खोप क्लिनिक भवन निर्माण क्रमश गरिनेछ ।
- ✓ स्वास्थ्य शाखालाई स्वास्थ्य तथा सरसफाइ शाखाको रुपमा सरसफाइ क्षेत्रको समेत कामकाज गर्ने गरी संस्थागत विकास गरिने छ।
- ✓ घरायसी स्तरमा सुरक्षित र स्वच्छ खानेपानी प्रवन्धको लागि खानेपानी परीक्षणको कार्यलाई निरन्तरता दिइनेछ।

## २. शिक्षा, युवा तथा खेलकुद

उच्च शैक्षिक सुशासन : कपुरकोटको मुख्य पहिचान"भन्ने नाराका साथ आगामी वर्षको लागि शिक्षा क्षेत्रको विकासका लागि अभियानमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । यसका लागि निम्न नीति तथा कार्यक्रमहरू सहयोगी हुनेछन् ।

- ✓ विद्यार्थीहरूको सिकाइ स्तर मापन गर्न पालिकास्तरीय वार्षिक परीक्षालाई थप मर्यादित, पारदर्शी र गुणस्तरीय साथै सबै कक्षाको परीक्षामा एकरुपता कायम गर्न आवश्यक ब्यवस्था गरिने छ।
- ✓ विद्यार्थीको सर्वाङ्गीण विकासका लागि 'निरन्तर विद्यार्थी मूल्याङ्कन' (CAS) पुस्तिका छपाइ गरी सबै आधारभूत विद्यालयहरूमा लागू गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- ✓ शिक्षक विद्यालय कर्मचारी ,बि.ब्य.स. तथा शि.अ.सं.को क्षमता बिकासका कार्यक्रमहरु संचालन गरिने छ।
- ✓ प्रत्येक विद्यालयमा बालमैत्री सुरक्षित र समावेशी सिकाई वातावरण विकास गरिनेछ ।
- ✓ प्राम्भिक बालबिकास केन्द्रहरुलाई मापदण्डका आधारमा संचालन गरिने छ ।
- ✓ विद्यालयहरूको जीर्ण भवन मर्मत, शौचालय तथा खानेपानीको व्यवस्थापनका लागि 'भौतिक पूर्वाधार सुदृढीकरण अनुदान' उपलब्ध गराइनेछ।
- ✓ विद्यालयमा रिक्त रहेका दरबन्दी र कार्यबोझलाई मध्यनजर गर्दै 'शिक्षण साझेदारी तथा एकमुष्ट सहयोग अनुदान' मार्फत शिक्षक तथा कर्मचारीको व्यवस्थापन गरिनेछ।
- ✓ विद्यार्थीहरूको सिर्जनशीलता र वैज्ञानिक चिन्तनको विकासका लागि 'पालिकास्तरीय विज्ञान प्रदर्शनी' साथै माध्यमिक तथा आधारभुत तह स्तरिय अतिरिक्त क्रियाकलाप जस्ता कार्यहरु उत्सवका रूपमा आयोजना गरिनेछ।
- ✓ विधार्थी शिक्षक अभिभावकका लागि राष्ट्रिय स्तरमा ख्याति प्राप्त ब्यक्तित्वबाट उत्प्रेरणादायि कार्यक्रमको आयोजना गरिने छ ।
- ✓ कपुरकोटको भूगोल, कला, संस्कृति र विशेषता समेटिएको स्थानीय पाठ्यक्रम (कक्षा ४-८) को पाठ्यपुस्तक लेखन तथा छपाई गरी कार्यान्वयनमा ल्याइनेछ।
- ✓ आउदो वर्षमा सबै सामुदायिक विद्यालयमा एकीकृत विद्युतीय हाँजिरी प्रणाली जडान गरी गाउँपालिका शिक्षा शाखावाट नियमन गर्ने व्यवस्था गरिनेछ। साथै सम्पूर्ण माध्यामिक विद्यालयहरुमा CCTV क्यामराको जडान गरी गाउँपालिकावाटै अवलोकन गर्न सकिने व्यवस्था मिलाइनेछ।

✓ विद्यालयहरुको 'सघन अनुगमन' गरिनेछ। अनुगमनका क्रममा उत्कृष्ट कार्य गर्ने प्रधानाध्यापक र शिक्षकहरूलाई पुरस्कृत गरिने र कमजोर नतिजा आउने विद्यालयलाई सुधारका लागि 'सुधार कार्ययोजना' (Action Plan) बनाउन लगाइनेछ।

✓ सबै माध्यमिक विद्यालय तथा (६ -८)संचालित आधारभुत शिक्षकहरूको उपस्थिति र कक्षा सञ्चालनलाई व्यवस्थित गर्न डिजिटल हाजिरी र अनलाइन रिपोर्टिङ प्रणालीलाई अनिवार्य गरिनेछ।

✓ सामुदायिक विद्यालयको शैक्षिक नेतृत्व र प्रशासनिक सुशासनलाई सुदृढ बनाउन प्रधानाध्यापकहरूले निर्वाह गर्दै आउनुभएको भूमिका र अतिरिक्त कार्यबोझको उच्च सम्मान गर्दै, उहाँहरूको मनोबल र सक्रियता वृद्धिका लागि हाल प्रदान गरिँदै आएको मासिक प्रधानाध्यापक भत्तामा समयानुकूल पुनरावलोकन गरि अतिरिक्त मौद्रिक सुविधा थप गरिनेछ।

✓ उच्च महत्वका साथ पालिका स्तरिय रनिङ शिल्ड तथा अन्य खेलकुद कायर्क्रम संचालन तथा व्यवस्थापन गरिने छ ।

✓ कक्षा ५, कक्षा ८ तथा कक्षा १०मा अध्ययनरत विधार्थीहरुको पालिका स्तरिय शैक्षिक गुणस्तर परिक्षणको ब्यवस्था गरिने छ।

✓ गणित विषयको सिकाई उपलब्धि बृद्धि गर्न नमुनाको रुपमा ५ वटा विद्यालयमा गणित ल्याबको प्रबन्ध गरिने छ ।

✓ शैक्षिक सुधार र सुशासनकोलागि प्रत्येक त्रैमासिकमा शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, प्र.अ.हरु वीचको समन्वयात्मक वैठक वसी ठोस कदमहरु चाल्ने व्यवस्था मिलाइनेछ।

✓ गाउँपालिकामा स्थापित वाल विकास केन्द्र मध्ये आगामी वर्षमा समेत थप एक वाल विकास केन्द्रलाई नमूना वालविकासको मापदण्ड अनुकूल तुल्याइनेछ।

✓ सवै सामुदायिक तथा संस्थागत विद्यालयको विद्यामान अवस्थाको विश्लेषण गरी विद्यालयको वर्गिकरण गरिनेछ।

✓ सामुदायिक विद्यालयका सवै शौचालयलाई आधुनिक, अपाङ्ग तथा वालमैत्री वनाउने अभियान सुरु गरिनेछ।

✓ सामुदायिक विद्यालयको शैक्षिक स्तरमा अभिवृद्धि ल्याउन तथा शिक्षण सिकाइ क्रियाकलापमा सहजिकरण ल्याउन एक विज्ञ समूह(expert wings) गठन गरिनेछ।

✓ सामुदायिक माध्यामिक विद्यालयका सवै प्र.अ.हरुको प्रशासनिक र व्यवस्थापकीय क्षमता अभिवृद्ध गर्न विशेष तालिमका साथै अवलोकन भ्रमणको व्यवस्था आगामी आर्थिक वर्षमै गरिनेछ।

✓ कपुरकोट वहुमुखी क्याम्पसको पूर्वाधार निर्माणका लागि आवश्यक पहल र वजेट व्यवस्था गरिनेछ।

## ३. खानेपानी तथा सरसफाई

- ✓ एक घर एक धारो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ✓ व्यक्तिगत, सामुदायिक र सार्वजनिक धाराहरु तथा सार्वजनिक सौचालयहरुलाई अपांगमैत्री र वालमैत्री वनाइनेछ।
- ✓ गाउँपालिकामा रहेका खानेपानीका मुहानहरुको संरक्षण र दिगो प्रयोगको लागि निजि तथा सार्वजनिक खानेपानीमूहान हरुको पहिचान गरी लगत संकलन गरिनेछ।
- ✓ सञ्चालनमा रहेका र प्रस्तावित खानेपानी योजनाहरु सम्वन्धी उपभोक्ता समूहहरुलाई संस्थागतरुपमा दर्ता गराई खानेपानी योजनाको मर्मर संभारको दिगो प्रयोगको लागि आत्मनिर्भर गराउने गरी आवश्यक व्यवस्था गरिनेछ।
- ✓ जंगली जनावरहरुको लागि खानेपानी मुहानमा ५-१० प्रतिशत पानी छोडेरमात्र खानेपानीको इन्टेक वनाउने व्यवस्था अनिवार्य लागु हुने गरी व्यवस्था मिलाईनेछ।

## ४. सांस्कृतिक प्रवर्द्धन

- ✓ सांस्कृतिक सरंक्षण र सम्वर्द्धनार्थ विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ✓ विद्यमान सांस्कृतिक अवयवहरुको पहिचना गरी संरक्षण गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वनय गरिनेछ।
- ✓ सवै वडावाट प्रतिनिधित्वहुने गरी पालिकाको तत्वावधानमा तथा विभिन्न सांस्कृतिक समूहसंगको सहकार्यमा पालिकास्तरीय सांस्कृतिक मेला महोत्सवको आयोजना गरिनेछ।
- ✓ पठन संस्कृतिको विकास गर्ने खुला लाईव्रेरीलाई थप विस्तार र व्यवस्थित गरिने छ।

## ५. गरिबी निवारणः

- ✓ खर वा फुसको छानालाई जस्तापाताले प्रतिस्थापन गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा अभियानको रुपमा सञ्चालन गरि फुसको छानो मुक्त गाउँपालिका घोषणा कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पूरा गर्ने गरी लाभग्राहीको सर्वेक्षण गरी एकमुष्ठरुपमा आवश्यक वजेजको व्यवस्थापन गरिनेछ।
- ✓ दलित वर्गहरुको उत्थान र सशक्तिकरणका लागि परम्परामा आधारित आयमुलक गतिविधि सञ्चालन गर्न आवश्यक व्यवसायिक सीप विकास तालिम प्रदान गरिनेछ ।

✓ विपन्न लक्षित आयमूलक कार्यक्रम सञ्चालनका लागि कानूनी व्यवस्था गरी स्टार्टअप कारोवारको लागि ऋण सहायता प्रदान गर्ने कार्यक्रम तर्जुमा गरिनेछ।

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा र सशक्तिकरण

सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने राज्यको अभिष्ट पुरा गर्न स्थानीय सरकारका हरेक गतिविधि लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणले संवेदनशील र युक्त वनाइने छ।

✓ बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायित्व र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले निर्दिष्ट बजेट(कम्तिमा ६०%) हुने गरी तर्जुमा गर्ने पद्धतिलाई अनिवार्य पहिलो शर्तको रुपमा अंगिकार गरिनेछ।सोको लागि वडा स्तरमा वजेट तर्जुमा गर्दाका वखतनै GRB लैङ्गिक उत्तरदायि वजेट कोडिङको व्यवस्था गरिनेछ। सोकोलागि वजेट तर्जुमा गर्नुपूर्व जनप्रतिनिधि र कर्मचारील लक्षित अभिमूखीकरण तालिम कार्यक्रमको आयोजना गरिनेछ।

✓ वि.स. २०८३ फागुन भित्र बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्न बालमैत्री अभियानलाई प्रमुख प्राथामीकता दिइनेछ ।

✓ लैङ्गिक हिंसा,घरेलु हिंसा,बाल हिंसा सबै किसिमका हिंसा बिरुद्ध सचेतनामुलक क्रियाकलाप मार्फत शुन्य सहनशीलता अपनाउने नीति लिइनेछ ।

✓ बालविवाह,बालश्रम,लागु औषध दुर्व्यसनी,आत्महत्या दुरुत्साहन न्युनीकरण र मानव अधिकार सम्बन्धी विविध जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

✓ महिलाहरुलाई सशक्त बनाउन वित्तीय साक्षरता व्यावसायीक शिक्षा तालिम,नेतृत्व विकास,लेखापालन तालिम लगायत सीप विकासका तालिमहरु सञ्चालन गरिनेछ । तालिम लिएर व्यवसाय सञ्चालन गरेका महिलाहरुलाई प्रविधि तथा बस्तुगत टेवा हस्तानतरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

✓ लैसअसासलाई संवेदनशील बनाउन सबै सार्वजनिक निकायहरुमा सुरक्षित र मर्यादित स्तनपान कक्ष,पोषण कर्नर ,लैङ्गिक मैत्री शौचालयको निर्माण गर्ने नीति लिइनेछ ।

✓ सार्वजनिक स्थानमा निर्माण हुने भौतिक संरचना र सबै बिद्यालयहरुका भवनहरुलाई अपाङ्गमैत्री,बालमैत्री बनाउदै लगिनेछ ।

✓ अपाङ्गता भएका व्यक्तिहरुका लागि जीवनउपयोगी सीप विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- ✓ अपाङ्गता भएका व्यक्तिलाई आवश्यकताको आधारमा सहायक सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ✓ अपाङ्गता भएका बालबालिकाको निशुल्क उपचार तथा पुनर्स्थापना गर्ने कार्यक्रम निरन्तरता दिइनेछ।
- ✓ गाउँपालिकाको लैससास नीति,रणनीति र बालविवाह अन्त्य गर्ने रणनीतिलाई कार्यान्वयन गर्न नीति रणनीति बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ✓ बालबालिका कोषको सुदृढीकरण र लैङ्गिक हिंसा निवारण कोषलाई थप मजवुत वनाउदै लगिनेछ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र  वितरण तथा अभिलेखीकरण व्यवस्थापनलाई निरन्तरता दिइनेछ । सहज पँहुँचका लागि वडास्तरमा शिविर सञ्चालन गरिनेछ ।
- ✓ ज्येष्ठ नागरिक जीवनयावन मर्यादित, संरक्षण ,प्रवर्द्धन तथा सीप पुस्तान्तरण गर्न कपुरकोट वजारमा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।
- ✓ बालविवाह र बालश्रम अन्त्य गर्ने अभियानलाई संघ संस्थासँग समन्वय गरी बालविवाह अन्त्य गर्ने नीति लिइनेछ ।
- ✓ स्थानीय तहमा महिला जनप्रतिनिधि तथा महिला कर्मचारी र महिला समुह सञ्जालका पदाधिकारीलाई कानुनी  सारक्षरता अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ महिला र लक्षित वर्गहरुलाई असल अभ्यास सिकाई आदान प्रदान अवलोकन भ्रमण कार्यक्रम निरन्तरता दिने नीति लिइनेछ ।
- ✓ दलित समुदायको हक अधिकार शिक्षा,स्वास्थ्य र रोजगारीमा पँहूच पुऱ्याउन दलित लक्षित कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ✓ विपन्न,दलित,सहित,वेपत्ता,घाइते र द्धन्द्ध पीडित व्यक्ति र  परिवारलाई विशेष आरक्षण सहित प्राथामिकता प्रदान गर्ने नीति अंगिकार गरिनेछ ।
- ✓ ज्येष्ठ नागरिक सम्मान तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी अपांग प्रोफाइल तयार गर्ने र परिचयपत्र वितरण गर्ने गरी आवश्यक वजेटको प्रवन्ध गरिनेछ।
- ✓ लैङ्गिक हिंसा, बालविवाह, सामाजिक विभेद, शोषण, कुरीति, अन्धविश्वास हटाउन टोल विकास संस्था, महिला विकास समिति, आमा समूह, युवा क्लव, बालसमूह लगायत सामुदायिक स्तरका संस्थाहरुलाई स्वयंसेवी रुपमा परिचालन गरिने नीति अवलम्वन गरिनेछ ।

- ✓ युवाहरुलाई संगठित गरी समाज विकासको लागि युवा परिचालन गर्ने नीति अंगिकार गरिनेछ।

## ६. रोजगारी

- ✓ सूचिकृत बेरोजगारहरुबाट छनौटमा परेका बेरोजगार व्यक्तिहरुलाई अभीमूखीकरण तालिम मार्फत क्षमता वृद्धि गरिनेछ ।
- ✓ पुनःएकीकरण कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको क्षमता विकास तथा अभिवृद्धिका लागि उद्यमशील तथा सीपमुलक तालिम संचालन गरिनेछ ।
- ✓ वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि श्रम स्वीकृति लिने सम्बन्धमा सहजिकरण गरिनेछ ।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनालाई दिगो र स्थायीत्व बनाउन स्थानिय तहसँग लागत साझेदारीलाई निरन्तरता दिइनेछ।
- ✓ गाउँपालिकामा रहेको रोजगार वैकलाई अध्यावधिक गरी कपुरकोट गाउँपालिका भित्रका सवै सार्वजनिक निकायले गर्ने सार्वजनिक निर्माणको कार्यमा सूचिकृत वेरोजगारहरुलाई ज्यालादारीमा माग गरी खटाउने व्यवस्था गरिनेछ।

# पूर्वाधार विकास क्षेत्र

## १. सडक, भवन तथा पूल

- ✓ सडक मापदण्ड सम्वन्धी सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वनमा ल्याइनेछ।
- ✓ निर्माण भएका सडकहरुको स्तरोन्नतिको कार्य तिव्रताका साथ गरिनेछ।
- ✓ नेपाल सरकार र प्रदेश सरकारको सहयोगमा मुख्य सडकहरु कालोपत्रे गर्ने कार्यको लागि कुटनीतिक पहल गरिनेछ।
- ✓ वडा नं. १ र ४ मा स्वास्थ्य भवन निर्माण र तला थपको लागि बहुवर्षिय योजनाको स्वीकृत गरी लागु गरिनेछ।
- ✓ सडक पूर्वाधारको संरक्षणको लागि ड्रेन निर्माण र Bio engineering को कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

## २. व्यवस्थित सहरीकरण

- ✓ आफ्नो गाउँ/शहर आफै सफा र सुन्दर बनाउ भन्ने नीति ल्याइनेछ ।

- ✓ बजार क्षेत्रमा सडक वत्ति, CCTV Camera जडान गरिने र सोको दिगो प्रयोग गरिने व्यवस्था मिलाइने छ।
- ✓ कपुरकोट वजार लगायतका मुख्य वजारहरुमा सोलार सडक वत्ती जडान गर्ने गरी आवश्यक वजेट विनियोजन गरिनेछ।
- ✓ कपुरकोट वजार नजिकै रहेको निर्माणाधिन स्पोर्ट सेन्टर र वाटिकालाई वजेट विनियोजन गरी थप आकर्षक गन्तव्यको रुपमा विकास गरिनेछ।

## ३. संचार तथा सूचना प्रविधि

- ✓ गाउँपालिकाबाट हुने हरेक प्रकारका सूचनाहरुलाई वेवसाइट, सामाजिक सञ्जाल, पत्रपत्रिका र रेडियोहरुमा अपलोड, प्रकाशन र प्रशारणलाई निरन्तरता दिइनेछ ।
- ✓ सवै वडामा फाइवर इन्टरनेट पुर्याउन इन्टरनेट सेवा प्रदायक संगको साँझेदारीमा फाइवर नेट विस्तारको काम गरिनेछ।
- ✓ एकीकृत गुनासो सुनुवाई सम्वन्धी MIS प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

## ४. उर्जा

- ✓ आ.व. २०८३/०८४ मा सत प्रतिशत वस्तिमा विद्युत उर्जा पुग्ने गरी आवश्यक पहलकदमी गरिनेछ।
- ✓ मर्मत गर्नु पर्ने सवै सोलार प्रणालीहरुको मर्मत संभार र दिगो उपयोगमा विशेष व्यवस्था गरिनेछ।
- ✓ कपुरकोट वजार लगायतका मुख्य वजारहरुमा सोलार सडक वत्ति वाल्ने गरी आवश्यक वजेट विनियोजन गरिनेछ।

## ५. सिंचाई

- ✓ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व संग प्रतक्ष्य सम्वन्ध रहेको सिचाइ प्रणालीलाई दिगो र भरपर्दो बनाइनेछ। मुहानको दिगोपनालाई ध्यानमा राखी कुलो सिचाइका साथै लिफ्ट सिचाइ योजना सञ्चालन गरिनेछ।
- ✓ आगामी ३ वर्षभित्र सिचाइको संभावना भएका सवै खेतियोग्य भूमिमा सिचाइ सुविधाको प्रवन्ध हुने गरी कार्यको थालनि गरिनेछ।
- ✓ खानेपानी तथा सिचाइका मूहानहरुको पहिचान गरी संरक्षण गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धी क्षेत्र

✓ विपद् व्यवस्थापन योजना, प्रतिकार्य योजना, विपद् पुनर्लाभ योजना र प्रतिकार्य केन्द्रको तयारी आउदो वर्षमा पूरा गरिनेछ।

✓ विपद् पिडितहरुको राहत तथा उद्दारमा सहयोग पुर्याउन स्थापना गरीएको कोष बृद्दि गरिने छ ।

✓ गाउँपालिका क्षेत्रबाट निस्कने फोहोरलाई बर्गिकरण गरी गल्ने र नगल्ने छुट्याई फोहोरहरुको बैज्ञानिक रुपमा ब्यबस्थापन गरीने छ ।हाल विद्यमान डम्पिङ साइडलाई थप व्यवस्थित गर्न पर्खालको निर्माण गरी पर्यावरणको संरक्षणमा थप कदम चालिनेछ।

✓ गाउँपालिकाको फोहोर व्यवस्थापन सम्वन्धी योजना तर्जुमा गरी सोहि मुताविका फोहोर व्यवस्थापनको गतिविधि सञ्चालन गरिनेछ।

✓ सवै सामुदायिक वन उपभोक्ता समूहहरुलाई गाउँपालिकामा सूचीकृत गर्ने व्यवस्था अनिवार्य गरिनेछ।साथै सामुदायिक वन उपभोक्ता समूहहरुको आम्दानीलाई करको दायरामा ल्याइनेछ।

✓ प्रत्येक महिनामा कम्तिमा २ दिन सरसफाई दिवस सञ्चालन गरिनेछ।साथै सार्वजनिक निकाय र सार्वजनिक कार्यक्रममा पलाष्टिक कागजको प्रयोगलाई निरुत्साहित गरिनेछ।

✓ दलित विकास समाज, सल्यान र कपुरकोट गाउँपालिकाको वित्तीय तथा प्राविधिक साँझेदारीमा आगामी आ.व.मा जलवायू अनुकूलन योजना(LAPA) तर्जुमा गरी लागु गरिनेछ।

## सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र

### १. राजश्व

✓ करदातामैत्री राजस्व प्रशासन निर्माण गरिनेछ।उत्तकृष्ट करदातालाई प्रोत्साहित गर्न कार्यक्रम लाई निरन्तरता दिइनेछ।

✓ नेपाल सरकारको नीति अनुसार कपुरकोट गाउँपालिका अन्तर्गतका व्यावसायीहरुको स्थायी लेखा नं प्रदान गर्ने र आन्तरिक राजस्व विभागले दिएको Access अनुसारको करदाता प्रशासन समेत आउदो आ.व. देखी गाउँपालिकावाटै सञ्चालन गर्ने गरी आवश्यक तयारी गरिनेछ।

✓ गाउँपालिका र उपभोक्ता समितिले कारोवार गर्ने गाउँपालिका स्थित फर्महरुले स्थानीय तहबाट करचुक्ता नलिएको खण्डमा त्यस्ता फर्महरुसँग कारोबार नगर्ने वा त्यस्ता फर्महरुले जारी गरेको विजक बमोजिम भुक्तानी गर्दा स्थानीय तहलाई अनिवार्य व्यवसाय कर तिरेको हुनुपर्ने व्यवस्था लागु गरिनेछ ।दर्ता नभएका फर्महरुवाट गाउँपालिकाको आर्थिक कारोवारलाइ पूर्णरुपमा वन्देज गरिनेछ।

- ✓ स्थानीय तहलाई तिर्नुपर्ने घरबहाल कर वुझाएपछि मात्रै आय कर लिनको लागि राजश्व कार्यालयसँग समन्वय गरिने छ ।
- ✓ दर्ता रजिष्ट्रेशन नगरी सञ्चालनमा ल्याइएका पसल व्यवसायहरुको अनुगमन गर्ने र अनाइलबाट कर तिर्न सकिने व्यवस्था गरिने छ ।
- ✓ उपभोक्ता हितसँग सम्बन्धित विविध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- ✓ वहाल विटौरी करलाई वाध्यात्मक गराईनेछ।
- ✓ नक्सापास र अभिलेखीकरणको कार्यलाई अनिवार्य गराइनेछ।

## २. सेवा प्रवाह विकास र सुशासनः

- ✓ चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिई सार्थक वनाइने छ।
- ✓ राष्ट्रसेवक कर्मचारीहरुलाई प्रोत्साहन तथा क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।
- ✓ दैनिक कार्यप्रगती सार्वजनिक गर्ने गरी विद्युतीय प्रणालिको विकास गरी गाउँपालिकाका शाखा र वडागत कार्यप्रगती दैनीक रुपमा प्रकाशन गर्ने व्यवस्था गरिनेछ।
- ✓ अन्य स्थानीय तहमा भए गरेका उदाहरणीय कार्यलाई आन्तरिकिकरण गर्न अध्ययन अवलोकन भ्रमणलाई जोड दिईनेछ ।
- ✓ सार्वजनिक क्षेत्रमा जनप्रतिनिधि र कर्मचारीले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागु गरिनेछ।
- ✓ लेखा सम्वन्धी श्रेस्ताहरुको स्क्यान गरी विद्युतीय प्रतिलिपी तयार गर्ने कार्यको थालनी गरिनेछ।
- ✓ रिक्त रहेका स्थायी दरवन्दीहरुलाई अनिवार्यरुपमा लोकसेवामा माग आकृती पठाई स्थायी पदपूर्तिको व्यवस्था गर्ने र लामो समयदेखी अस्थायी करार सेवामा कार्यरत रही वहिर्गमनमा पर्ने कर्मचारीहरुलाई मौद्रिक सुविधा सहित सम्मान गरिनेछ।
- ✓ सरकारी तथा सार्वजनिक निकाय लगायत सवै क्षेत्रमा सदाचार संस्कृतिको अबलम्बन गरिनेछ ।"म भ्रष्टाचार गर्दिन र हुन पनि दिन्न" भन्ने प्रतिज्ञा सहितको सुशासन कार्य संस्कृतिको प्रवर्द्धनलाई अझै प्रगाढ वनाइनेछ। ।भ्रष्टाचार रोकाथाम तथा नियन्त्रणको कार्यलाई थप प्रभावकारी बनाइनेछ। भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गरिनेछ।
- ✓ सार्वजनिक निर्माण, वातावरण संरक्षणको क्षेत्रमा समेत परिचालन गरिनेछ।
- ✓ गाउँपालिकाबाट प्रदान गरिने सेवालाई अधिकतम जनताको घर दैलोमा पुर्‍याइनेछ । यसका लागि मासिक रुपमा प्रत्येक टोलमै पुगेर घुम्ती सेवा मार्फत घटना दर्ता गर्ने, योजना संझौता गर्ने,

सामाजिक सुरक्षाको वितरण गर्ने गरी वडा सेवा केन्द्रको स्थापना गरिनेछ । साथै बैंक सँगको समन्वयमा सामाजिक सुरक्षा भत्ता वडामा वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- ✓सेवाग्राही सन्तुष्टीको सर्वेक्षणका लागि विद्युतीय सर्वेक्षण र सर्वेक्षण कार्डको प्रयोग गरिनेछ।
- ✓स्थानीय बस्तु तथा सेवाको व्यापारको मूल्य तथा गुणस्तरको नियमन र अनुगमन गरिनेछ ।
- ✓सवै खाले सार्वजनिक खरिदमा मितव्ययिताको साथै निपूर्णता र पूर्णत प्रतिष्पर्धात्मकता विधि अपनाइनेछ।
- ✓टोल विकास संस्थाको क्षमता बिकास गरि पूर्ण क्षमतामा परिचालन गरिनेछ । वडास्तरीय श्रममा आधारित योजना टोल विकास संस्था मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।
- ✓योजना बैंकको अवधारणा अनुरुप वस्ति स्तरबाट संकलित योजनाहरुलाई योजना बैंकमा समावेश गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ । मध्यकालीन खर्च संरचनाको कार्यान्वयन मार्फत बहुवर्षिय योजनाहरुको लागि वजेटको सुनिश्चितता गर्दै गाउँपालिका तथा वडाको गौरवका योजनाहरुको निर्माण गरिनेछ।
- ✓कपुरकोट गाउँपालिकाको दोस्रो पञ्च वर्षिय योजना आगामी आ.व.मै तर्जुमा गरी योजनावद्ध विकास पद्धतीलाई स्थापित गरिनेछ।
- ✓५ लाख भन्दा वढी लागत भएका प्रस्ताविक योजनाहरुको हकमा वजेट तथा कार्यक्रम स्वीकृत गर्नुपूर्व प्राविधिक लागत अनुमान अनिवार्य गरि गराई योजना स्वीकृत गरिने परिपाटिको विकास गरिनेछ। जसवाट हचुवामा वजेट विनियोजन गरी वजेट अभावको कारण योजना अधुरो रहने अवस्थाको निवारण हुनेछ।
- ✓५ लाख भन्दा माथिका जुनसुकै खरिद अनिवार्य खुला वोलपत्र वा दरभाउपत्रको माध्यमवाट गर्नु पर्ने व्यवस्था गरिनेछ।
- ✓गाउँपालिकामा गठित नागरिक सेवा तथा सुशासन प्रवर्द्धन इकाईलाई कार्यविधिमूलक वनाई सक्रिया तुल्याई सम्पूर्ण सुशासन प्रतिकूलका गतिविधिलाई एकद्वार प्रणाली मार्फत हल गर्ने गरी संयन्त्रको विकास गरिनेछ।
- ✓सेवा प्रवाह र विकासलाई प्रभावकारी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्दतिलाई संस्थागत गरिनेछ।
- ✓सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धमा गाउँपालिकाबाट हुने खरिद कार्यलाई व्यवस्थित गर्न खरिद इकाई गठन गरेर वार्षिक खरिद योजना तयार गरी एकद्वार प्रणालीबाट

खरिद गर्ने व्यवस्था मिलाइने छ। आर्थिक वर्षको पहिलो त्रैमासिकमा खरिद योजना स्वीकृत गराई टुक्रे खरिदलाई पूर्णरूपमा रोक लगाइनेछ।

✓ गाउँपालिका तथा मातहतका निकायको चल अचल सम्पत्तिको संरक्षण र व्यवस्थापनको उचित प्रवन्ध मिलाइनेछ ।

✓ सामाजिक संघ संस्थाको पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चितता गर्ने तथा निजी क्षेत्रको व्यावसायिक सामाजिक उत्तरदायित्वलाई नियमन गरी कार्यान्वयनमा ल्याइनेछ ।

✓ लेखापरीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्यौंट गर्ने र अद्यावधिक गराउने सम्बन्धी कार्यलाइ विशेष प्राथमिकता दिइ वेरुजुलाई शुन्यमा झार्ने प्रयास गरिनेछ।

✓ प्रमुख प्रशासकीय अधिकृतवाट दैनिकरुपमा समयसीमा सहितको कार्यजिम्मेवारी प्रदान गर्ने र सोको प्रगतिका आधारमा कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनलाई तथ्यमा आधारित वस्तुनिष्ठ वनाईनेछ।

✓ स्थानीय तहको कार्य सम्पादन मूल्यांकन प्रणाली(LGPAS) ले निर्दिष्ट गरेका सूचकहरु पूरा गर्नको लागि वाँकि रहेका कामहरु सम्पन्न गर्ने गरी अनिवार्य वजेट व्यस्थापन गरिनेछ। सोका लागि सवै शाखाहरुले आफूलाई प्राप्त जिम्मेवारी अनुसारका सूचक र उपसूचकगत कागजात र प्रतिवेदनहरुको तयारी यथासमयमै गरी तोकिएको समयसीमा भित्र प्रविष्ट गर्नु पर्नेछ। त्यसरी संभाव्य सूचकको कागजात वा प्रमाणको संकलन नगरेको वा समयमै प्रविष्ट नगरेको कारणवाट प्राप्त गर्नु पर्ने अंक प्राप्त हुन नसकेमा सम्वन्धित पदाधिकारीलाई तलवकट्टि वा ग्रेडवृद्धि सम्मको कारवाही गरिनेछ।

✓ आवश्यक कार्यविधिको तर्जुमा गरी कर्मचारीहरुको कार्यसम्पादनका आधारमा वित्तीय उत्प्रेरणाको कार्यक्रम ल्याइनेछ।

**अन्यः**

✓ चालु वर्ष देखी सञ्चालन भएको श्रम संस्कृति प्रवर्द्धन अभियानलाई झनै वृहत्तर वनाइनेछ। वडागत तथा गाउँपालिकास्तरीय योजना छनौट गर्दा समेत श्रम साँझेदारी गर्ने प्रतिवद्धता प्राप्त योजनाहरुलाई प्राथमिकता दिईनेछ।

✓ परम्परागत चौतारीको संरक्षण गर्ने र सार्वजनिक स्थलमा पिपल, वर र स्वामीको विरुवा वृक्षारोपण गर्ने अभियान सञ्चालन गरिनेछ। साथै परम्परागत रिचार्ज पोखरीहरुको संरक्षण गर्ने र आगामी आ.व.मा प्रत्येक वडामा कम्तिमा ३/३ वटा सुख्खा रिचार्ज पोखरी निर्माण गरिनेछ।

- ✓ परम्परागत सीपको परीक्षण गरी प्रमाणिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सीप प्रमाणीकरण गरिएका व्यक्तिहरुको रोष्टर कायम गरी कपुरकोट गाउँपालिका भित्र हुने सार्वजनिक निर्माणको कार्यमा आवश्यक सीपयुक्त जनशक्ति सोही रोष्टरवाट प्रयोग गर्नु पर्ने व्यवस्था लागु गरिनेछ।
- ✓ दलित समुदायहरुलाई संगठित गरी सशक्तिकरण तथा सीप विकास सम्वन्धी कार्यक्रमको प्रवन्ध गरिनेछ।

धन्यवाद!!

(दुर्गा वहादुर पुन)
अध्यक्ष
कपुरकोट गाउँपालिका, सल्यान।